प्रभाव दैनिक
National Daily
इ-पेपरका लागि

वर्ष १३ | अंक १५ | काठमाडौं | शुक्रबार, २५ वैशाख २०८३ | Prabhab National Daily | Friday, 8 May 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ |-

# पोखरा विमानस्थल निर्माणमा तीन अर्ब ६२ करोड भ्रष्टाचार

## पूर्वअर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीसहित १३ जना र निर्माण कम्पनी चाइना सिएएमसीविरूद्ध मुद्दा

- तीन अर्ब ६२ करोड पाँच लाख २२ हजार रूपैयाँ हिनामिना, हानिनोक्सानी र दुरूपयोग गरे/गराएको अख्तियारको दाबी
- आरोपीहरूविरूद्ध जनही तीन अर्ब ६२ करोड पाँच लाख २२ हजार रूपैयाँ बिगो कायम
- बिगो असुलउपर, बिगोबमोजिम जरिवाना, कैदका साथै भ्रष्टाचार निवारण ऐनबमोजिम थप सजायको माग

■ प्रभाव संवाददाता

**काठमाडौं–** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका क्रममा मूल सम्झौताको प्रावधानविपरीत ठेकेदार कम्पनीलाई कर छुट दिएर भ्रष्टाचार गरेको आरोपमा पूर्वअर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीसहित १३ जना र निर्माण कम्पनीमाथि भ्रष्टाचार मुद्दा दर्ता गरेको छ।

नेपाल सरकारले ऋणस्वरूप प्राप्त गरेको सार्वजनिक सम्पत्तिमध्येबाट जम्मा तीन अर्ब ६२ करोड पाँच लाख २२ हजार रूपैयाँ हिनामिना, हानिनोक्सानी र दुरूपयोग गरे/गराएको पुष्टि भएको अख्तियारको दाबी छ। उक्त भ्रष्टाचार मुद्दामा दुई सचिवसमेत परेका छन्। मूल सम्झौताको प्रावधानविपरीत ठेकेदार कम्पनीलाई कर छुट दिनेगरी सम्झौता गर्ने/गराउने र


ज्ञानेन्द्रबहादुर कार्की

### यी हुन् मुद्दाका १४ प्रतिवादी

| | |
|---|---|
| ज्ञानेन्द्रबहादुर कार्की | तत्कालीन अर्थमन्त्री |
| शंकरप्रसाद अधिकारी | तत्कालीन सचिव, अर्थ मन्त्रालय |
| महेश्वर न्यौपाने | तत्कालीन सचिव, पर्यटन मन्त्रालय |
| केवलप्रसाद भण्डारी | तत्कालीन सहसचिव, अर्थ मन्त्रालय |
| सुरेश आचार्य | तत्कालीन सहसचिव, पर्यटन मन्त्रालय |
| डण्डुराज घिमिरे | तत्कालीन सहसचिव, पर्यटन मन्त्रालय |
| सञ्जीव गौतम | तत्कालीन महानिर्देशक, नेपाल नागरिक उड्डयन प्राधिकरण |
| योगेश अर्याल | तत्कालीन इलेक्ट्रोनिक्स इञ्जिनियर, पर्यटन मन्त्रालय |
| प्रदीप अधिकारी | तत्कालीन आयोजना निर्देशक, प्राधिकरणअन्तर्गत राष्ट्रिय गौरव आयोजना |
| युगराज पाण्डे | तत्कालीन उपसचिव, अर्थ मन्त्रालय |
| उर्मिला भण्डारी | तत्कालीन शाखा अधिकृत, अर्थ मन्त्रालय |
| चाइना सिएएमसी इञ्जिनियरिङ कम्पनी लिमिटेड | निर्माण कम्पनी |
| वाङ ओ | निर्माण कम्पनीका अध्यक्ष |
| याङ झियाङ | प्रोजेक्ट म्यानेजर |

नेपाल सरकारले प्राप्त गरेको ऋण सम्पत्तिबाट भुक्तानी लिने/दिने कार्कीसहितका व्यक्तिविरुद्ध बिहीबार विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको अख्तियारका सहायक प्रवक्ता गणेशबहादुर अधिकारीले जानकारी दिए।

प्रवक्ता अधिकारीका अनुसार अख्तियारले कार्कीमाथि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा तीन अर्ब ६२ करोड पाँच लाख २२ हजार रूपैयाँ बिगो कायम गरी मुद्दा दर्ता गरेको छ।

क्रमशः पृष्ठ २ मा

तोडियो परम्परा, मिचियो विधि

# प्रधानन्यायाधीशमा चौथो वरीयताका शर्मा सिफारिस

- विधि र परम्परा तोड्दै चौथो वरीयताका न्यायाधीश डा. मनोजकुमार शर्मा प्रधानन्यायाधीश सिफारिस
- प्रमुख प्रतिपक्षी दलका नेता भीष्मराज आङ्देम्बे र राष्ट्रिय सभा अध्यक्ष नारायण दाहालले परिषद् बैठकमा जनाए लिखित असहमति
- पूर्वप्रधानन्यायाधीश तथा पूर्वप्रधानमन्त्री सुशीला कार्की र राप्रपा संसदीय दलका नेता ज्ञानेन्द्र शाही पनि असन्तुष्ट
- योग्यता र न्याय सम्पादनमा देखाएको कार्यक्षमताको आधारमा शर्माको नाम सिफारिस गरेको प्रधानमन्त्रीको तर्क

■ जेबी योञ्जन

**काठमाडौं–** संवैधानिक परिषद्ले सर्वोच्च अदालतको ३३औं प्रधानन्यायाधीशका रूपमा डा. मनोजकुमार शर्माको नाम सिफारिस गरेपछि राजनीतिकवृत्तमा गम्भीर चिन्ता प्रकट भइरहेको छ। वरिष्ठताको आधारमा प्रधानन्यायाधीश सिफारिस गर्नुपर्ने संविधान, परम्परा र विधिगत प्रक्रिया भए पनि त्यसलाई मिच्दै प्रधानमन्त्री वालेन्द्र शाहले चौथो वरीयताका न्यायाधीश शर्मालाई अघि सार्दा संवैधानिक मर्ममाथि प्रहार भएको भन्दै आलोचना भइरहेको छ।

बिहीबार सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको संवैधानिक परिषद् बैठकको बहुमतले प्रधानमन्त्री शाहको प्रस्ताव पारित गरे पनि राष्ट्रिय सभा उपाध्यक्ष नारायण दाहाल प्रमुख प्रतिपक्षी दलका नेता भीष्मराज आङ्देम्बेले लिखित असहमति जाहेर गरेका छन्।

प्रमुख प्रतिपक्षी नेपाली कांग्रेस संसदीय दलका नेता तथा परिषद् सदस्य आङ्देम्बेले शर्मालाई प्रधानन्यायाधीशमा प्रस्ताव गर्ने प्रधानमन्त्री शाहको कदमको कडा शब्दमा विरोध गरे। उनले परिषद् बैठकमा भने, 'तपाईं (प्रधानमन्त्री)ले जसको प्रधानन्यायाधीशमा नाम प्रस्ताव गर्नुभयो। यो संविधानको मर्म, भावना, परम्परा र विधिको खिलापमा छ। यसमा समर्थन जनाउन सकिँदैन।'

राष्ट्रिय सभा अध्यक्ष दाहालले पनि वरिष्ठता मिचेर प्रधानन्यायाधीश प्रस्ताव गर्नु गलत र परम्पराविपरीत भएको बताएका छन्। उनले यसले गलत नजिर बस्ने र त्यो घातक हुने बताए। 'प्रधानमन्त्रीले हठात् प्रस्ताव ल्याउनुभयो। त्यसको मैले असहमति जनाएँ, त्यो गलत हो र त्यसले गलत नजिर बस्छ,' उनले भने।

क्रमशः पृष्ठ २ मा


**वालेन्द्र शाह**
प्रधानमन्त्री


**डा. मनोजकुमार शर्मा**
प्रस्तावित प्रधानन्यायाधीश

### को हुन् मनोज शर्मा ?

संवैधानिक परिषद्ले प्रधानन्यायाधीशका लागि सिफारिस गरेका डा. मनोजकुमार शर्माको जन्म २०२७ असार ४ गते पर्साको वीरगञ्जमा भएको हो। उनले नेपाल ल क्याम्पसबाट बिएल तथा भारतको पुणे विश्वविद्यालयबाट एलएलएम गरेका छन्। उनले त्रिभुवन विश्वविद्यालयबाट श्रम कानुन विषयमा विद्यावारिधि प्राप्त गरेका हुन्।

२०५२ सालमा अधिवक्ताका रूपमा दर्ता भएका शर्मा कानुनका विभिन्न क्षेत्रमा वकालत तथा कानुनी परामर्शमा सक्रिय थिए। उच्च अदालतको न्यायाधीशहुँदै उनी ६ वैशाख २०७६ मा सर्वोच्च अदालतको स्थायी न्यायाधीश नियुक्त भएका थिए। उनै शर्मा बिहीबार प्रधानन्यायाधीश सिफारिस भएका हुन्। अब उनले संसदीय सुनुवाइ समितिबाट अनुमोदित हुनुपर्ने छ। उनलाई अनुमोदन हुन असहज छैन।

कारण, १५ सदस्यीय संसदीय सुनुवाइ समितिमा प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वकै दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को बहुमत छ। समितिमा रास्वपाका आठ सदस्य रहेका छन्। कुनै उम्मेदवारलाई अस्वीकृत गर्न दुईतिहाइ मत आवश्यक पर्ने भएकाले अन्य दलहरूको संख्या पर्याप्त छैन। सामान्य बहुमतले अनुमोदन गर्न सकिने भएकाले शर्मा प्रधानन्यायाधीशमा सहजै अनुमोदन हुने देखिन्छ।


वरीयता मिचेर प्रधानन्यायाधीशमा नाम प्रस्ताव गर्ने कार्य संविधानको मर्म, भावना, परम्परा र विधिको खिलापमा छ। यसमा समर्थन जनाउन सकिँदैन।

■ **भीष्मराज आङ्देम्बे**
प्रमुख प्रतिपक्षी दलका नेता


प्रधानमन्त्रीले हठात् प्रस्ताव ल्याउनुभयो। त्यसको मैले असहमति जनाएँ। प्रधानमन्त्रीको यो कदम गलत भयो र यसले गलत नजिर बस्छ।

■ **नारायण दाहाल**
राष्ट्रिय सभा अध्यक्ष

परम्परा भनेर नबसौं। योग्यता र न्याय सम्पादनको कार्यक्षमता हेरौं। माननीय डा. मनोजकुमार शर्मा नै सबैभन्दा योग्य हुनुहुन्छ।

■ **वालेन्द्र शाह**
प्रधानमन्त्री

**सन्दर्भः वैदेशिक रोजगार**

# विभागका कर्मचारीलाई अनुशासित बनाउन आचारसंहिता लागू

- कर्मचारीको आचरणलाई निष्पक्ष, पारदर्शी, समन्वयात्मक तथा सेवामूलक बनाउन आचारसंहिता
- कर्मचारीले व्यक्तिगत फाइदा पुग्ने, अरूलाई बदनाम गर्ने या अरूको चरित्र हत्या गर्ने काममा संलग्न हुन नहुने
- कर्मचारीले वैदेशिक रोजगारीको कामका लागि प्रत्यक्ष तथा अप्रत्यक्षरूपमा जोडिएका सेवाग्राही, सर्वसाधारण तथा सरोकारवाला समूहसँग सहयोगीको भूमिका खेल्नुपर्ने
- माथिल्लो निकायबाट आएको आदेशलाई शीघ्र पालना गर्नुपर्ने
- सेवाग्राहीलाई झुलाउने या दुःख दिने काम गरे कारबाही

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगार विभागले त्यहाँ कार्यरत कर्मचारीका लागि आचारसंहिता लागू गरेको छ। कर्मचारीको आचरणलाई निष्पक्ष, पारदर्शी, समन्वयात्मक तथा सेवामूलक बनाउन आचारसंहिता लागू गरिएको विभागले जनाएको छ।

वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने लक्ष्य राखेको विभागमा देखिएका कतिपय




समस्यामा कर्मचारीको गलत आचरण जिम्मेवार रहेको आरोप लाग्दै आएको थियो। यसलाई न्यूनीकरण गर्न विभागको महानिर्देशकस्तरबाट लागू गरिएको आचारसंहिताअनुसार कर्मचारीले वैदेशिक रोजगारीको कामका लागि प्रत्यक्ष तथा अप्रत्यक्षरूपमा जोडिएका सेवाग्राही, सर्वसाधारण तथा सरोकारवाला समूहसँग सहयोगीको भूमिका खेल्नुपर्ने छ। उनीहरूले वैदेशिक रोजगारसम्बन्धी कानुनको अपव्याख्या नगरी समानरूपले कार्यान्वयन गर्नुपर्ने छ।

कर्मचारीले झूठा विवरण संकलन गर्ने, वैदेशिक रोजगारसम्न्धी ठगी कार्यमा सहयोग गर्ने वा भ्रमपूर्ण सूचना दिने काम गर्न पाउने छैनन्। वैदेशिक रोजगारसम्बन्धी कुनै पनि तथ्य, तथ्यांक या मुद्दालाई बंग्याएर भ्रामक अर्थ दिनेगरी व्याख्या गरे आचारसंहिताविपरीत हुने उल्लेख छ। कर्मचारीले व्यक्तिगत फाइदा पुग्ने, अरुलाई बदनाम गर्ने या अरुको चरित्र हत्या गर्ने काममा संलग्न हुन नहुनेसमेत आचारसंहितामा उल्लेख छ। उनीहरूले व्यक्तिगत लाभ या कसैको प्रतिशोधका लागि उजुरी दर्ता गर्न लगाउने पाउने छैनन्।

विभागका कर्मचारीले दिइएको काम तोकिएको समयावधिभित्रै पूरा गर्नुपर्ने छ। आफूभन्दा माथिल्लो निकायबाट आएको आदेशलाई शीघ्र पालना गर्नुका साथै सेवाग्राहीलाई झुलाउने या दुःख दिने काम गर्न पाउने छैनन्। उनीहरूले आफ्नो जिम्मेवारी अरुलाई पन्छाउन तथा आफ्नो क्षेत्राधिकार बाहिरको काम गर्न पनि नपाउने भएका छन्।

आचारसंहिताअनुसार कर्मचारीले कुनै पनि पक्षको प्रभाव र दबाबमा नपरी पक्षपात् नगरी काम गर्नुपर्ने छ। उनीहरूले सेवाग्राही तथा सरोकारवालासँग अनधिकृत भेटघाट गर्न पाउने छैनन् भने उनीहरूबाट गैरकानुनी सुविधा पनि लिन पाउने छैनन्। सेवा प्रवाहमा बिचौलियाको प्रवेश हुन नदिन क्रियाशील रहनुपर्ने छ। प्रत्येक शाखाका कर्मचारीले आफ्नो शाखाको अभिलेख वैज्ञानिक तवरबाट राख्नुपर्ने छ। उनीहरू कार्यसम्पादनको क्रममा मर्यादित र शिष्ट हुनुपर्ने भनिएको छ। साथै, कुनै पनि कर्मचारी अनुगमनमा जाँदा आफ्नो परिचयपत्र तथा अनुगमनका लागि अख्तियार पाएको आदेश देखाउनुपर्ने व्यवस्था पनि आचारसंहितामा गरिएको छ।

विभागको काम संवेदनशील प्रकृतिको भएकाले प्रचलित कानुनमा भएका कर्मचारीका आचरणसम्बन्धी प्रावधानबाहेक विभागमा कार्यरत कर्मचारीको पदीय तथा थप पेसागत आचरणसम्बन्धी व्यवस्था वाञ्छनीय भएकाले आचारसंहिता तयार गरेको विभागको भनाए छ।

क्रमशः पृष्ठ २ मा

श्रममन्त्री यादवले भने

# वैदेशिक रोजगारमा ठगी गर्नेको 'कनेक्सन' भेट्टाउनै चुनौती

## ठगी नियन्त्रण गर्न डिजिटलाइजेसन प्रक्रिया सुरु गरिएको जानकारी

■ प्रभाव संवाददाता

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री रामजी यादवले वैदेशिक रोजगारबाट हुने ठगी नियन्त्रण गर्न डिजिटलाइजेसन प्रक्रिया सुरु गरेको बताएका छन्। प्रतिनिधिसभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको बिहीबारको बैठकमा मन्त्री यादवले उक्त जानकारी दिएका हुन्।

आफू मन्त्री भएयता २५ दिनभित्रमा वैदेशिक रोजगार विभागमा परेका ४० हजार मुद्दामध्ये, १३ हजार मुद्दालाई डिजिटलाइजेसन गर्ने तयारी गरेको उनले बताए। जसमध्ये, आठ हजार मुद्दा डिजिटलाइजेसन भइसकेको मन्त्री यादवले जानकारी दिए।

उनका अनुसार १३ हजार मुद्दा कारबाही प्रक्रियामा रहेका छन्। यसैका लागि मन्त्रालयले १० जना अनुसन्धान अधिकृतको माग गरेको छ। 'आठ हजार मुद्दा डिजिटलाइज गरिसकेका छौं,' उनले भने, 'अरु हुँदै छ। २७ हजार मुद्दामध्ये, केही मुद्दा जेन-जी आन्दोलनमा जलेको अवस्थामा छन्।'

मन्त्री यादवले विमानस्थलको आगमन र प्रस्थान बिन्दुमा आएकामध्ये ४३४ जनालाई वैदेशिक रोजगार जाँदा भोग्नुपरेका समस्या विषयमा १७ वटा प्रश्न सोधेर वस्तुस्थितिका जानकारी लिने कार्य पनि मन्त्रालयले गरिसकेको बताए। जसमध्ये, धेरैले उत्तर दिन चाहेको र उत्तर दिएकामध्ये, ३८ प्रतिशत व्यक्तिगत श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा गएको भेटिएको उनको भनाइ छ। उनले अब मन्त्रालयले सबै स्थानीय तहमै श्रम स्वीकृति दिने व्यवस्था गर्न लागेको जानकारी दिए। आगामी साताभित्रै यो व्यवस्था लागू हुने उनको भनाइ छ।

त्यस्तै, वैदेशिक रोजगारसँग सम्बन्धित समस्या 'हेल्लो सरकार'बाट र ह्वाट्सएपबाट आएको गुनासोका आधारमा मन्त्रालयले २५ दिनभित्र १७८ जनालाई उद्धार गरेको उनले बताए। उनले भने, '२५ दिनमा नौ जना ठगी गर्नेलाई कारबाही गरेका छौं, वैदेशिक रोजगारमा ठगी गर्नेको 'कनेक्सन' नै भेट्टाउन चुनौती छ।'

क्रमशः पृष्ठ २ मा


आठ हजार मुद्दा डिजिटलाइज गरिसकेका छौं। अरू हुँदै छ। २७ हजार मुद्दामध्ये, केही मुद्दा जेन-जी आन्दोलनमा जलेको अवस्थामा छन्।

■ **रामजी यादव**
श्रममन्त्री

## पृष्ठ १ बाट क्रमशः

### प्रधानन्यायाधीशमा...

निवर्तमान प्रधानमन्त्री एवं पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीले पनि पनि वरिष्ठता मिचेर चौथो वरीयताका शर्मालाई प्रधानन्यायाधीश प्रस्ताव गर्ने प्रधानमन्त्रीको कदमको विरोध गरेकी छन् । उनले यसको परिणाम सरकारले भोग्ने चेतावनी दिइन् । विभिन्न सञ्चारमाध्यमहरूलाई प्रतिक्रिया दिँदै उनले भनेकी छन्, 'माननीय सपना योग्य, सक्षम हुनुहुन्थ्यो । तर, उहाँलाई प्रधानन्यायाधीश सिफारिस नगरी कनिष्ठ न्यायाधीशलाई प्रस्ताव गर्दाको परिणाम सरकारले भोग्छ ।' उनले न्यायपालिकामा क्रमाबद्ध बढुवाको परम्परा रहने भन्दै बीचमै कसैलाई उछिनाएर नियुक्ति गर्नु संस्थागत अभ्यासविपरीत भएको टिप्पणी गरिन् । यो संवैधानिक प्रावधानमाथि नै प्रहार भएको अर्थमा उनले व्याख्या गरिन् ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) संसदीय दलका नेता ज्ञानेन्द्र शाहीले पनि उक्त सिफारिसप्रति असन्तुष्टि जनाएका छन् । बिहीबार साँझ सामाजिक सञ्जालमार्फत प्रतिक्रिया दिँदै उनले न्यायपालिका कार्यपालिकाको प्रभावमा जान थाले शक्ति सन्तुलन भत्किने चेतावनी दिएका छन् । 'विधिको शासनमा कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका एक-अर्काका परिपूरक भए पनि स्वतन्त्र र सन्तुलित हुनुपर्छ,' उनले लेखेका छन्, 'न्यायपालिका कार्यपालिकाको अधीनमा गयो भने शक्ति सन्तुलन भत्किन्छ, न्याय निष्पक्ष रहँदैन ।'

उनले परम्परा मिचेर गरिने नियुक्तिले दीर्घकालमा लोकतान्त्रिक मूल्य-मान्यता र नागरिक अधिकार कमजोर बनाउने दाबी पनि गरेका छन् । 'यस्तो अवस्था सिर्जना भएमा प्रजातान्त्रिक मूल्य, मान्यता तथा नागरिक अधिकारहरू गम्भीररूपमा कमजोर बन्छन,' उनको भनाइ छ ।

प्रधानमन्त्री शाहले भने परम्परा भनेर बस्न नहुने भन्दै योग्यता र कार्यक्षमताका आधारमा प्रधानन्यायाधीशमा शर्मा सर्वाधिक योग्य भन्दै उनको नाम प्रस्ताव गरेको तर्क गरेका छन् । 'माननीय डा. मनोजकुमार शर्माले सातहजार ४०० भन्दा बढी न्याय सम्पादन गर्नुभएको छ र माननीय सपना प्रधानले चार हजार ७०० जतिमात्रै न्याय सम्पादन गरेको देखिन्छ । त्यसो हुनाले परम्परा भनेर नबसौं । योग्यता र न्याय सम्पादनको कार्यक्षमता हेरौं ।'

प्रधानमन्त्री शाहले शर्मा नै प्रधानन्यायाधीशमा उपयुक्त हुने दाबी गरेका थिए । जबकि, शर्मा वरिष्ठतम् न्यायाधीशको चौथो वरीयतामा थिए । पहिलो वरीयतामा सपना प्रधान मल्ल थिइन् । दोस्रो र तेस्रोमा क्रमशः कुमार रेग्मी र हरिप्रसाद फुयाल थिए । उनीहरूलाई पन्छाएर वरीयतामा चौथोमा रहेका शर्मा प्रधानमन्त्री शाहको रोजाइमा परे ।

नेपालको न्यायिक इतिहासमा वरिष्ठतम् न्यायाधीशलाई छाडेर चौथो वरीयताका न्यायाधीश प्रधानन्यायाधीशमा सिफारिस भएको यो पहिलो घटना हो । यसबारे श्रम संस्कृति पार्टीबाट उपसभामुख भएकी रुबीकुमारी ठाकुर प्रतिक्रियाविहीन भएकी थिइन् । पार्टी अध्यक्ष हर्क साम्पाङले पनि यो समाचार तयार पार्दासम्म यसबारे कुनै पनि प्रतिक्रिया सार्वजनिक गरेका छैनन् ।

यसअघि न्याय परिषद्ले संवैधानिक परिषद्मा पठाएको सूचीमा वरिष्ठताको आधारमा पहिलो नम्बरमा मल्ल, त्यसपछि रेग्मी, फुयाल र चौथो नम्बरमा शर्मा रहेका थिए । त्यसपछि नहकुल सुवेदी र तिलप्रसाद श्रेष्ठको नाम थियो ।

प्रधानमन्त्री शाहले आफूअनुकूल प्रधानन्यायाधीश नियुक्तिकै लागि संसद् बैठक स्थगित गरेर संवैधानिक परिषद्सम्बन्धी अध्यादेश ल्याएका थिए । उक्त अध्यादेश राष्ट्रपति रामचन्द्र पौडेलले फिर्ता गरेपछि जारी गर्नका लागि पुनः हुबहु सिफारिस गरिएको थियो । दोस्रोपटक सरकारले पठाएको अध्यादेश राष्ट्रपति पौडेलले जारी गरेपछि प्रधानमन्त्री शाहले बिहीबारका लागि परिषद् बैठक बोलाएका थिए । अन्ततः परम्परा तोड्दै आफूअनुकूलको प्रधानन्यायाधीश सिफारिस गरेर उनले अध्यादेश ल्याउनुको औचित्य पुष्टि गरिदिएका छन् ।

■■■

### पोखरा विमानस्थल...

कार्कीमाथि सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधनसहित) को दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुलउपर हुन साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजायको माग दाबी गरिएको छ । यस्तै अख्तियारले अर्थ मन्त्रालयका तत्कालीन सचिव शंकरप्रसाद अधिकारी र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन सचिव महेश्वर न्यौपानेमाथि पनि सोहीबराबरको बिगो कायम गरी कैद सजायको मागदाबीसहित मुद्दा दर्ता गरेको छ ।

यस्तै, अर्थ मन्त्रालयका तत्कालीन सहसचिव केवलप्रसाद भण्डारी, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन सहसचिव सुरेश आचार्य र तत्कालीन सहसचिव डण्डुराज घिमिरे तथा नेपाल नागरिक उड्डयन प्राधिकरणका तत्कालीन महानिर्देशक सञ्जीव गौतम, नेपाल नागरिक उड्डयन प्राधिकरणअन्तर्गत राष्ट्रिय गौरव आयोजनाका तत्कालीन आयोजना निर्देशक प्रदीप अधिकारी र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन इलेक्ट्रोनिक्स इञ्जिनियर योगेश अर्याल, अर्थ मन्त्रालयका तत्कालीन उपसचिव युगराज पाण्डे र तत्कालीन शाखा अधिकृत उर्मिला भण्डारीविरुद्ध पनि मुद्दा दर्ता भएको छ ।

सोही मुद्दामा चाइना सिएएमसी इञ्जिनियरिङ कम्पनी लिमिटेडका अध्यक्ष वाङ ओ र प्रोजेक्ट म्यानेजर याङ भियाङविरुद्ध पनि मुद्दा दायर गरिएको छ । विमानस्थल निर्माणमा भ्रष्टाचार गरेको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा राष्ट्रसेवक पदाधिकारी/कर्मचारी र ठेकेदार कम्पनी चाइना सिएएमसी इञ्जिनियरिङ कम्पनी लिमिटेडको आपसी मिलेमतो, योजना र संलग्नतामा पोखरा क्षेत्रीय अन्तर र्राष्ट्रिय विमानस्थल निर्माण क्रममा नेपाल नागरिक उड्डयन प्राधिकरण र ठेकेदार कम्पनीबीच भएको खरिद सम्झौतामा 'कन्ट्र्याक्ट' मूल्यभित्रै कर, महसुल तथा अन्य शुल्क समावेश गरी त्यस्ता कर, महसुल तथा अन्य शुल्कहरू ठेकेदार कम्पनीले नै प्रचलित नेपाल कानुनबमोजिम तिर्नु/बुझाउनुपर्ने प्रावधान रहेकामा बद्नियत राखी उक्त प्रावधानविपरीत हुनेगरी ठेकेदार कम्पनीलाई कर, महसुल तथा अन्य शुल्क छुट दिने भन्ने सर्त राखी सम्झौता गराएको देखिएको अख्तियारले दाबी गरेको छ ।

सोही सम्झौताका आधारमा 'कन्ट्र्याक्ट' मूल्यभित्रै कर, महसुल तथा अन्य शुल्क समावेश गरी भुक्तानी लिने तर उक्त भुक्तानी लिएको रकममा समावेश भएको करलगायतको महसुल राज्यकोषमा दाखिला नहुने गरी छुट प्राप्त गरी/गराई उक्त चाइनिज कम्पनीलाई दोहोरो लाभ दिएको पाइएको अख्तियारले दायर गरेको आरोपपत्रमा उल्लेख छ ।

■■■

### विभागका...

उक्त आचारसंहिता सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन, २०६४ को दफा २३को उपदफा ३ तथा निजामती सेवाका कर्मचारीको आचरणसम्बन्धी नियमावली, २०६५ नियम २७ ले दिएको अधिकार प्रयोग गरी बनेको उल्लेख गरिएको छ । विभागमा वैदेशिक रोजगारीका ठगीसम्बन्धी उजुरीका चाङ भए पनि न्यून संख्यामामात्र फर्स्योट हुँदै आएको छ । म्यानपावर व्यवसायी र विभागका कर्मचारीको मिलेमतोमा ठगीका घटनामा पनि उजुरी नलिने, अनुगमनका क्रममा म्यानपावर, अभिमुखीकरण तालिम प्रदायक संस्थालगायतमा समस्या देखिए पनि आर्थिक चलखेल गरेर कारबाही नगर्ने, सेवाग्राहीलाई सम्मानजनक र शिष्ट व्यवहार नगर्नेजस्ता समस्या रहेको गुनासो थियो । विभिन्न समयमा विभागका निर्देशकदेखि महानिर्देशकसम्म पनि अनियमितताको प्रकरणमा मुछिँदै आएका थिए । आचारसंहिताले विभागका कर्मचारीलाई अनुशासित राख्ने अपेक्षा गरिएको छ ।

आचारसंहितालाई महानिर्देशकले बुधबार स्वीकृत गरेकाले कार्यान्वयनमा आइसकेको छ । यसको पालना गरे/नगरेको भनेर विभाग, विभागीय प्रमुख र सम्बन्धित सुपरिवेक्षकबाट अनुगमन गरिने जनाइएको छ । यसको उल्लंघन गर्नेहरूलाई कानुनबमोजिम आचरणविरुद्धको कारबाही हुने उल्लेख छ । यो आचारसंहिता करारका कर्मचारी, विभागमा दरबन्दी रही अन्य निकायमा काजमा खटिएका तथा अन्य निकायमा दरबन्दी रही विभागमा खटिएका कर्मचारीमा लागू हुने विभागले जानकारी दिएको छ ।

■■■

### वैदेशिक...

बैठकमा समितिका सभापति रहबर अन्सारीले वैदेशिक रोजगारको समस्या आजको भोलि नै शून्य गराउन सकिने अवस्था नरहेको बताउँदै यसको सुधार गर्न कानुनी सुधारमा जोड दिए । बैठकमा सांसदहरू बुद्धिप्रसाद पन्त, प्रकाशसिंह कार्की, प्रकाश पाठक, रञ्जु दर्शना, टेकबहादुर शाक्य, प्रभा कार्कीलगायतले वैदेशिक रोजगारलाई व्यवस्थित बनाउने, स्वदेशमै श्रमिकलाई सम्मानपूर्वक काम गर्ने वातावरण सिर्जना गर्ने, श्रमिक र उद्यमीबीचको सन्तुलन बनाउन नीतिगत योजना ल्याउनेलगायत विषयमा आफ्ना सुझाव राखेका थिए ।

# छायाँदेवी कम्प्लेक्स भत्काउन माग

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिका-२६ ठमेलस्थित ऐतिहासिक, पुरातात्विक, धार्मिक र सांस्कृतिक महत्त्वको कमलपोखरी पुरेर निर्माण गरिएको छायाँदेवी कम्प्लेक्स भत्काउन सम्पदा संरक्षण नेपालका अभियानकर्मीले माग गरेका छन् ।

अभियानकर्मी बिहीबार माइतीघर मण्डलमा प्ले-कार्ड प्रदर्शनमा बसेका थिए । उनीहरूले विगतका सरकारका पालामा ऐतिहासिक, पुरातात्विक, धार्मिक र सांस्कृतिक महत्त्वका सम्पदा मासेर निजी भवन बनाउँदा वास्ता नगरेको गुनासो गरे । त्यसबेला गरिएको उजुरीको सुनुवाइ नगरी बेवास्ता गरेकाले वर्तमान सरकारले सार्वजनिक जग्गा खाली गराइरहँदा यस विषयमा जागरण फैलाउन प्रदर्शन गरिएको उनीहरूको भनाइ छ ।

सम्पदा संरक्षण नेपालका सभापति कवीर डंगोलले ठमेलको कमलपोखरी पुरानै स्वरूपमा पुनःस्थापित नभएसम्म अभियान जारी रहने बताए । 'सम्पदा जोगाऔं, सार्वजनिक पोखरी बचाऔं' भन्ने नाराका साथ अभियानकर्मीले ठमेलको कमलपोखरी सार्वजनिक स्थल भएकाले त्यसको अतिक्रमण गरी बनाइएको संरचना कानुनविपरीत भएको बताएका छन् ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८३/०१/२५ गते**

यस कम्पनीको मिति २०८३/०१/०२ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **सिन्दो न्हाल्दो ट्रेडिङ प्राइभेट लिमिटेड**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०१/०४ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **सिन्दो न्हाल्दो अटो मोबाएल ट्रेडिङ प्राइभेट लिमिटेड (प्रा.लि.नं. १६९८५१)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## नेपाल सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालयको
## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०८२/११/१० मा दर्ता भएको **प्रा.लि. नं. ३८५९३६** को **सन्जना फेल्ट क्राफ्ट प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०१।२३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## Public Notice

(Published Date: 8 May 2026)

I, Nitesh Agrawal [C6445243] S/o Sanjay Kumar Agrawal, Renu Agrawal , R/o 10th Mile R.C.M Road, Kalimpong , West Bengal/ Dhobichaur, Chhetrapati, ward17, Kathmandu, Nepal and Seema Saraf [Z5656064], D/0 Prakash Vikram Saraf, Kavita Agrawal R/o 20D Ballygunje place east, Kolkotta-19, West Bengal/Dhobichaur, Chhetrapati, ward17, Kathmandu, Nepal have got married at Kathmandu on 2nd December 2015 as per Indian traditions. Since then we have been living as husband wife. We have published this notice for registration of our marriage at embassy Kathmandu. If anyone has objection to the marriage, he/ she can contact 9851107021 and Embassy of India, Kathmandu on cons.kathmandu@mea.gov.in

## नेपाल सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालयको
## विशेष दर्ता खारेज सम्बन्धी १ दिने सूचना

यस कार्यालयमा मिति २०८०/०६/१९ मा दर्ता भएको प्रा.लि.नं. ३२११६६ को **बटरकप्स अफिसियल प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०१/२३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ 'क' बमोजिम विशेष दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## नेपाल सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालयको
## विशेष दर्ता खारेजी सम्बन्धी ३० दिने सूचना

यस कार्यालयमा मिति २०६२।१०।०४ मा दर्ता भएको प्रा.लि.नं. ३७९२४ को **वाई. के. रेमिट प्रा.लि.** नामक कम्पनीले १३६ 'क' अनुसार विशेष दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित **हक दावी**को लागि **30 (तीस) दिन**भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## सूचना !! सूचना !! सूचना !!

उपरोक्त सम्बन्धमा सहकारी संस्थाको विकाल अवस्थाले गर्दा संस्थाहरू मर्ज (एकिकरण) काम गर्न सहज हुनेछ भनि (१) **सुविधानगर बचत तथा ऋण सहकारी संस्था लि.** का.म.न.पा. वडा नं. ३२ नयाँ बानेश्वर (२) मा हिमचुली बहुउद्देश्य सहकारी संस्था लि. ल.पु.मा.पा. १४ ललितपुर (३) नव जालुके सामुदायिक वचत तथा ऋण सहकारी संस्था लि. बनेपा न.पा.८ काभ्रेपलाञ्चोक (४) मा जगदम्बा बहुउद्देश्य सहकारी संस्था लि. कुमारीपाटी ललितपुर बिचबाट २०८०।०४।३० मा एकिकृत कारोवार शुरु गर्ने निर्णय भएकोमा कतिपय संस्थाले वित्तिय तथ्याकं (विवरण) स्थानानतरण, लगाएतका कुनै पनि काम नभएको कारणबाट हालसम्म पनि एकिकरण नगरी आ-आफ्नै तरीकाले कारोवार गर्दै हिडेर संस्थालाई असर पर्ने काम भएको हुदाँ मिति २०८३।०१।२३ गते तदर्थ कार्यसमिति, लेखा समिति, उपलब्ध, शेयर सदस्यहरूको उपस्थितिमा संयुक्त बैठकबाट आ-आफ्नो संस्थाको सम्पूर्ण दायित्व लिएर अलग हुने गरी निर्णय गरियो ।

**नोट :- सम्पूर्ण बचत कर्ता महानुभाव पूर्व वर्ति संस्थासंग सम्बन्ध सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ अन्यथा दायित्व बाहिकको जिम्मेवार हुने छैनौ ।**


## कतारमा रोजगार

कम्पनी : SWAY BEAUTY CENTER

पूर्व स्वीकृति मिति : २०८२/०९/१६ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/२३ LT. No. 336276 चलानी नं. ६०२४९९४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HAIRDRESSER (FEMALE) | 0 | 1 | 1700 | ७०,३३४ | कं. नि. अनुसार | ८ घण्टा | ६ दिन | कं. नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Masseur | 0 | 1 | 1700 | ७०,३३४ | | | | | | | |
| 3. | Office Cleaner | 0 | 1 | 1000 | ७०,३३४ | | | | | | | |
| 4. | Receptionist | 0 | 1 | 1100 | ७०,३३४ | | | | | | | |
| 5. | Technician | 0 | 2 | 1700 | ७०,३३४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १ गते (15th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1476/074/75

NEPAL LIFE RECRUITMENT AGENCY PVT LTD
Gaushala, Pingalaisthan, Kathmandu, Nepal, Tel: 014598920,
Mob: 9801076290, E-mail : nepallifera1476.2017@gmail.com


## बीमालेख हरायो

सानिमा रिलायन्स लाईफ इन्स्योरेन्सबाट जारी भएको निम्न व्यहोराको बीमालेख काठमाण्डौंबाट हराएको हुँदा, फेला पार्नु हुने महानुभावले नजिकैको सानिमा रिलायन्स लाईफ इन्स्योरेन्स लिमिटेडको शाखा कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं ।

**नाम : मनिषा भट्टराई**
**पोलिसी नम्बर : २०४०००२८४**

## नेपाल सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालयको
## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०८१/०९/१६ मा दर्ता भएको **प्रा. लि. नं. ३५८३६२** को **माइल हाइ टेक्नोलोजी प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०१/२३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

शुक्रबार, २५ वैशाख, २०८३

| | |
|---|---|
| **मेष** | मेहनतको राम्रो फल मिल्नेछ । आर्थिक लाभ हुन सक्छ । |
| **वृष** | सानो गल्तीले तनाव दिन सक्छ । सोचेर मात्र निर्णय गर्नुहोस् । |
| **मिथुन** | काममा व्यस्तता बढ्नेछ । तर उपलब्धि पनि राम्रो हुनेछ । |
| **कर्कट** | परिवारबाट सहयोग मिल्नेछ । मन शान्त र सकारात्मक रहनेछ । |
| **सिंह** | मन खुसी रहनेछ । प्रेम र सम्बन्धमा सुधार आउनेछ । |
| **कन्या** | मित्रसँगको सम्बन्ध मजबुत हुनेछ । नयाँ योजना अघि बढ्नेछ । |
| **तुला** | चुनौती आए पनि पार गर्न सकिनेछ । आत्मविश्वास बढ्नेछ । |
| **वृश्चिक** | सोचेर अघि बढ्नु राम्रो हुनेछ । अनावश्यक खर्चबाट बच्नुहोस् । |
| **धनु** | काममा सफलता मिल्नेछ । नयाँ अवसरले उत्साह बढाउनेछ । |
| **मकर** | आर्थिक पक्ष सुधार हुने संकेत छ । धैर्यले राम्रो नतिजा दिनेछ । |
| **कुम्भ** | यात्राको सम्भावना देखिन्छ । नयाँ अनुभवले फाइदा दिनेछ । |
| **मीन** | नेतृत्व क्षमताले सफलता दिलाउनेछ । सम्मान प्राप्त हुने दिन छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२५ वैशाख, २०८३ (८ मे २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५१.०८ | १५१.६८ |
| युरो | १ को | १७८.०५ | १७८.७५ |
| पाउन्ड स्टिर्लङ | १ को | २०६.०४ | २०६.८६ |
| स्विस फ्रेन्क | १ को | १९४.२० | १९४.९७ |
| अस्ट्रेलियन डलर | १ को | १०९.७० | ११०.१३ |
| क्यानाडियन डलर | १ को | १११.०९ | १११.५३ |
| सिङगापुर डलर | १ को | ११९.२६ | ११९.७३ |
| जापानी येन | १० को | ९.६९ | ९.७३ |
| चिनियाँ युआन | १ को | २२.१८ | २२.२७ |
| साउदी अरब रियाल | १ को | ४०.२७ | ४०.४३ |
| कतारी रियाल | १ को | ४१.४५ | ४१.६१ |
| थाई भाट | ख १ को | ४.७१ | ४.७३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.१४ | ४१.३० |
| मलेसियन रिङेट | १ को | ३८.४९ | ३८.६४ |
| दक्षिण कोरियन वन | १०० को | १०.४७ | १०.५१ |
| स्विडिस क्रोनर | १ को | १६.४५ | १६.५१ |
| डेनिस क्रोनर | १ को | २३.८३ | २३.९२ |
| हङकङ डलर | १ को | १९.२८ | १९.३६ |
| कुवेती दिनार | १ को | ४९३.२४ | ४९५.२० |
| बहराइन दिनार | १ को | ४००.०० | ४०१.५९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

# लिपुलेकमा देखिएको समस्या समाधानका लागि कूटनीतिक प्रयास गर्न सांसदहरूको आग्रह

■ प्रभाव संवाददाता



**काठमाडौं–** संसदीय समितिमा वार्ता र संवादका माध्यमबाट नेपालको लिपुलेक, कालापानी र लिम्पियाधुरा फिर्ता ल्याउन प्रभावकारी कूटनीतिक पहल गर्नुपर्ने विषय उठेको छ । प्रतिनिधिसभाअन्तर्गतको अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको बिहीबारको बैठकमा भाग लिने सदस्यहरूले लिपुलेकबारे भारत तथा चीन सरकारलाई नेपाल सरकारका तर्फबाट हालै पठाइएको ‘कूटनीतिक नोट’लाई सकारात्मक कदमकारूपमा लिइएको धारणा राखे । समितिका सदस्य प्रमेशकुमार हमालले वर्तमान सरकार कालापानी क्षेत्रको अतिक्रमित भूमि फिर्ता ल्याउनेतर्फ परिणाममुखी कूटनीतिक प्रयास गर्न सरकारको ध्यानाकर्षण गराए ।

अर्का सदस्य भूमिका लिम्बू सुब्बाले भारत र चीन दुवै छिमेकीसँगको सम्बन्धलाई सन्तुलित तुल्याउँदै अतिक्रमणमा परेको नेपाली भूमि फिर्ता ल्याउन संसदीय समितिको पहल आवश्यक रहेको बताइन् । उनले ऐतिहासिक तथ्य र प्रमाणका आधारमा उक्त भूमि नेपालकै भएको स्पष्ट रहेको उल्लेख गर्दै कालापानी, लिपुलेक र लिम्पियाधुराबारे छिमेकीबाट आएको प्रतिक्रिया नेपाललाई मान्य नहुने धारणा राखिन् ।

परराष्ट्र मन्त्रालयले नेपाली भूमि लिपुलेकहुँदै आयोजना गर्ने भनिएको कैलाश मानसरोवर यात्राका सम्बन्धमा नेपाल सरकारले आफ्नो स्पष्ट अडान र सरोकारवाला भारत तथा चीन दुवै पक्षलाई कूटनीतिक माध्यमबाट पुनःअवगत गराइसकेको छ । यसअघि पनि नेपाल सरकारले भारत सरकारलाई उक्त क्षेत्रमा सडक निर्माण वा विस्तार, सीमा व्यापार र तीर्थाटनजस्ता कुनै पनि क्रियाकलाप नगर्न निरन्तर आग्रह गर्दै आएको छ । लिपुलेक क्षेत्र नेपाली भू-भाग रहेका विषयमा चीनलाई आधिकारिकरूपमा जानकारी गराइसकिएको बेहोरा परराष्ट्र मन्त्रालयले स्पष्ट पारिसकेको छ ।

समितिका सदस्य श्रीधर पोखरेलले नेपालको भूमि फिर्ता ल्याउन उच्चस्तरीय संयन्त्र गठन गरी प्रभावकारी कूटनीतिक प्रयास गर्न आग्रह गरे । सांसद शिवशंकर यादवले राष्ट्रिय हितलाई प्राथमिकतामा राखेर काम गर्नुपर्ने बताए । सांसद अम्बिकादेवी संग्रौलाले छिमकीसँगको सम्बन्ध सुमधुर तुल्याउँदै व्यापार, पारवहन र सीमालाई सुव्यस्थित गर्न सुझाव दिइन् ।

सांसद बिना गुरुङले पर्यटकीय नगरी पोखरालाई अझ सुन्दर र व्यवस्थित तुल्याउन सडक किनाराका पर्खालमा रङरोगन र ‘जेब्राक्रसिङ’को व्यवस्था गर्न संघीय र प्रदेश सरकारको ध्यानाकर्षण गराइन् । समितिकी सभापति सुम्निमा उदासले समितिको कार्यक्षेत्र र आगामी कार्यदिशाबारे बैठकमा जानकारी गराइन् । बैठकमा समितिको आन्तरिक कार्यविधिको मस्यौदा अध्ययनका लागि सदस्यहरूलाई वितरण गरिएको थियो ।

बैठकपछि समितिकी सचिव निर्मलादेवी लामिछानेले समितिको परिचय, मुख्य कार्यक्षेत्र, समितिको प्रभावकारिता अभिवृद्धि र चुनौती विषयमा प्रस्तुतीकरण दिइन् । उनले विधेयकबारे दफाबार छलफल र प्रतिवेदन तयारी, मातहतका निकायका नीति, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापनको मूल्यांकन तथा निर्देशन, समितिका निर्देशन कार्यान्वयनको अवस्था र सार्वजनिक सम्पत्तिको रेखदेख तथा मूल्यांकनलगायत समितिको कार्यक्षेत्र रहेको स्पष्ट पारिन् । समिति मातहत परराष्ट्र र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय रहेका छन् ।

## स्वास्थ्य प्रतिष्ठानमा निमित्त निर्देशक नियुक्त

**काठमाडौं (प्रस)–** सरकारले ‘सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३’ जारी भएपछि रिक्त रहेका विभिन्न स्वास्थ्य विज्ञान प्रतिष्ठान, अस्पताल तथा बोर्डमा निमित्त निर्देशक नियुक्त गरेको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बिहीबार दैनिक प्रशासनिक तथा स्वास्थ्य सेवा सञ्चालनलाई सहज बनाउने उद्देश्यले रिक्त रहेका स्वास्थ्य विज्ञान प्रतिष्ठान, अस्पताल र स्वास्थ्य बिमा बोर्डमा निमित्त नेतृत्व तोकेको हो ।

मन्त्रालयका अनुसार पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको निमित्त निर्देशकमा प्राडा समिता पन्त, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको निमित्त निर्देशकमा डा नरेन्द्रविक्रम गुरुङ, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको निमित्त निर्देशकमा सहप्राडा विनम्र विष्ट नियुक्त भएका छन् ।

धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको निमित्त निर्देशकमा सहप्राडा इन्द्र लिम्बू, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान दाङको निमित्त निर्देशकमा सहप्राडा सुरेश रसाइली नियुक्त भएका मन्त्रालयले जनाएको छ । भरतपुरस्थित बिपी कोइराला मेमोरियल अस्पताल क्यान्सर अस्पतालको निमित्त निर्देशकमा डा उमेश नेपाल र सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रको निमित्त निर्देशकमा सहप्राडा रविन्द्रभक्त तिमला नियुक्त भएका छन् । त्यसैगरी, स्वास्थ्य बिमा बोर्डको निमित्त निर्देशकमा शकुन्तला प्रजापति नियुक्त भएकी छन् ।

स्वास्थ्य तथा जनसंख्यामन्त्री निषा मेहताले यी स्वास्थ्य यी प्रतिष्ठान, अस्पताल र बोर्डका दैनिक कामकाज प्रभावित हुन नदिन अस्थायीरूपमा निमित्त निर्देशक तोकिएको जानकारी दिइन् । उनका अनुसार सरकारले छिट्टै खुला प्रतिस्पर्धामार्फत नेतृत्व छनोट प्रक्रिया अघि बढाइने छ ।

## मुक्त कमलरीको उचित व्यवस्थापन गर्न माग

**काठमाडौं (प्रस)–** मुक्त कमलरी विकास मञ्चले कमलरी मुक्त भएको एक दशकभन्दा बढी बित्दासमेत उचित व्यवस्थापन नगरेको भन्दै सरकारको ध्यानाकर्षण गराएको छ ।

मञ्चले बिहीबार यहाँ पत्रकार सम्मेलन गरी कमलरी मुक्त घोषणा भएको १३ वर्षसम्म पनि अधिकार नपाएका कमलरी र जमिन भोगचलनको २० वर्ष सकिँदा पनि व्यवस्थापन नभएको भन्दै सरकारको ध्यानाकर्षण गराएको हो ।

मञ्चकी पूर्वकेन्द्रीय अध्यक्ष हिरामोति चौधरीले भनिन्, ‘तत्कालीन सरकारले हामीलाई मुक्त गरेको घोषणा त गर्‍यो तर हाम्रो न्यूनतम आवश्यकता र न्यायका विषय आजसम्म पनि कागजमै सीमित बनाइयो, त्यसैले वर्तमान सरकारलाई ध्यानाकर्षण गर्न बाध्य भएका छौं ।’

उनले नेपालमा १२ हजार ७६९ मुक्त कमलरी रहेको र त्यसमध्ये नौ हजार ४९० जनाकोमात्रै सरकारी तथ्यांकमा रहेको जानकारी दिइन् । उनका अनुसार त्यसमध्येमा सात हजार ४३५ जनाले मात्र परिचयपत्र पाएका छन् ।

२०७० असार १३ गते तत्कालीन सरकारले कमलरी मुक्ति घोषणा गरेर केही कानुन पनि आएको तर कानुन कागजमै सीमित रहेको भन्दै मञ्चकोतर्फबाट वर्तमान सरकारसमक्ष ज्ञापनपत्र पनि बुझाएको छ ।


**साउदीमा रोजगार** कम्पनी : AL-TADHAMON AL-WAFI FREIGHT TRANSPORT COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०१/२३ | LT. No. 341631 | चलानी नं. ६०२५४९९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drive | 4 | 0 | 1800 | ७२,७५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ROBOUA AL-SUMMAN FUEL CORPORATION

पूर्व स्वीकृति मिति : २०८३/०१/२३ | LT. No. 341630 | चलानी नं. ६०२५४९९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drive | 9 | 0 | 1800 | ७२,७५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८३ जेठ १ गते (15th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १८५/०५७/०५८

**Kapeel Manpower Pvt. Ltd.**
Kupandole, Lalitpur, Nepal, Tel: 01-5451901, Mobile: 9851324457 Sanjay Maharjan
E-mail: kapeelmanpowerpvtltd@gmail.com, Website: www.kapeelmanpower.com.np


### UPPER SYANGE HYDROPOWER LTD.
### KATHMANDU, NEPAL

**Condensed Statement of Financial Position (Unaudited)**
**As on 30th Chaitra, 2082, 3rd Quarter F.Y. 2082/83**

| Particulars | This Quarter Ending Chaitra End, 2082 | Immediate Previous Year Ending (Audited) Ashadh End, 2082 |
|---|---|---|
| **ASSETS** | | |
| **A. Non Current Assets** | | |
| Property, Plant & Equiptment | 1,682,108 | 1,938,518 |
| Intangible Assets | 441,900,478 | 454,568,376 |
| Investments | 103,337,500 | 103,337,500 |
| **Total Non Current Assets** | **546,920,086** | **559,844,394** |
| **B. Current Assets** | | |
| Inventory | - | - |
| Cash and Bank | 25,199,040 | 11,596,382 |
| Deposit, Advance & Receivables | 23,495,836 | 54,296,926 |
| **Total Current Assets** | **48,694,876** | **65,893,308** |
| **Total Assets (A+B)** | **595,614,962** | **625,737,702** |
| **Equity and Liabilities** | | |
| **C. Equity** | | |
| Share Capital | 220,000,000 | 220,000,000 |
| Reserves & Surplus | (9,378,765) | (17,964,246) |
| **Total Equity** | **210,621,235** | **202,035,754** |
| **D. Non Current Liabilities** | | |
| Long Term Loan | 327,200,000 | 334,700,000 |
| Employee Benefit Liability | 1,437,236 | 3,610,749 |
| Deferred Tax Liabilities | 1,476,015 | 1,476,015 |
| **Total Non Current Liabilities** | **330,113,251** | **339,786,764** |
| **E. Current Liabilities** | | |
| Short Term Loan | 51,018,756 | 46,442,006 |
| Accounts & Others Payables | 3,861,720 | 3,138,973 |
| Provisions | - | 34,334,205 |
| **Total Current Liabilities** | **54,880,476** | **83,915,184** |
| **Total Liabilities (C+D+E)** | **595,614,962** | **625,737,702** |

**Unaudited Condensed Statement of Profit or Loss and Other Comprehensive Income**
**For the quarter ended on 30th Chaitra, 2082, 3rd Quarter 2082/83**

| Particulars | This Year: This Quarter | This Year: Up to this Quarter (YTD) | Corresponding Previous Year: This Quarter | Corresponding Previous Year: Up to this Quarter (YTD) |
|---|---|---|---|---|
| Revenue from Operation | 16,909,588 | 55,300,997 | 16,202,393 | 39,880,832 |
| Cost of Operation | (1,028,350) | (2,276,398) | (998,307) | (4,211,105) |
| **Gross Profit/ (Loss)** | **15,881,238** | **53,024,599** | **15,204,086** | **35,669,727** |
| Other Income | 306 | 2,419 | 1,169 | 3,067 |
| **Total Income/(Loss) from Operation** | **15,881,544** | **53,027,018** | **15,205,255** | **35,672,794** |
| Employee Benefit Expenses | (1,465,256) | (5,898,803) | (1,923,856) | (6,277,195) |
| Depreciation and Amortisation | (4,308,103) | (12,924,308) | (4,307,288) | (12,923,063) |
| Administrative Expenses | (905,349) | (5,453,418) | (2,067,843) | (6,508,477) |
| **Operation Profit / (Loss)** | **9,202,836** | **28,750,489** | **6,906,268** | **9,964,059** |
| Finance Cost | (6,192,958) | (20,547,100) | (8,038,610) | (26,262,131) |
| **Profit / Loss Before Staff Bonus** | **3,009,878** | **8,203,389** | **(1,132,342)** | **(16,298,072)** |
| Staff Bonus | (60,198) | (164,068) | - | - |
| **Profit / Loss Before Tax** | **2,949,680** | **8,039,321** | **(1,132,342)** | **(16,298,072)** |
| Income Tax Expenses | 546,160 | 546,160 | - | - |
| **Profit (Loss) For The Year** | **3,495,840** | **8,585,481** | **(1,132,342)** | **(16,298,072)** |
| Other Comprehensive Income | - | - | - | - |
| **Total Comprehensive Income** | **3,495,840** | **8,585,481** | **(1,132,342)** | **(16,298,072)** |

*Notes:*
1. The above mentioned figures are subject to changes during statutory audit.
2. This condensed financial statement has been prepared complying relevant NFRS.
3. Previous period figures are regrouped wherever necessary.
4. Deferred tax computed only at the end of fiscal year.

**(धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४, नियम २६ को उपनियम (१) सँग सम्बन्धित आ.व. २०८२/८३ को तेश्रो त्रैमासिक प्रतिवेदन**

**१) वित्तीय विवरण:**

क) यस त्रैमासिक अवधिका वासलात, नाफा/नोक्सान सम्बन्धी विवरण:
यस संस्थाको आ.व. २०८२/८३ को तेश्रो त्रैमासिक अवधिको वित्तिय अवस्था सम्बन्धी विवरण यसै साथ संलग्न गरिएको छ ।

ख) कम्पनी प्रमुख वित्तीय अनुपातहरू :

| | | | |
|---|---|---|---|
| **प्रति शेयर आम्दानी वार्षिक रू.** | ५.२ | तरलता अनुपात (प्रतिशतमा) | ८८.७३ |
| प्रति शेयर नेटवर्थ रु | ९४.७४ | मूल्य आम्दानी अनुपात | १३४.२३ |
| प्रति शेयर कुल सम्पत्तिको मूल्य रू. | २७०.७३ | | |

**२) व्यवसायीक विश्लेषण :**

**क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बधी विवरण:**
यस आ.व.को चालु अवधिसम्ममा गत आ.व.को सोहि अवधिको तुलनामा विद्युत बिक्री आम्दानी ३८.६७% ले बृद्दि भई उल्लेख्य सुधार आएको छ । संस्थाको मौज्दात अवस्था स्थिर रहेको छ र तरलता अनुपात समेत समस्थितिमा कायम रहेको छ ।

**ख) व्यवस्थापनको विश्लेषणात्मक विवरण:**
कम्पनीद्वारा सञ्चालनमा रहेको अप्पर स्याङ्गे हाईड्रोपावर आयोजना-२४०० कि.वा. को समिक्षा अवधिमा सन्तोषजनक व्यावसायिक उत्पादन भईरहेको छ । यस कम्पनीको लगानी रहेको गोर्खा स्थित दोभान खोला २४.५ मे.वा. जलविद्युत आयोजनाको Financial Closure भई भौतिक पूर्वाधारको निर्माण कार्यहरू समेत सुरुवात भईसकेको छ। साथै, सम्पुर्ण शेयरधनीहरूको हितमा कार्य गर्दै कम्पनीको व्यवस्थापन उपयुक्त र आवश्यकता बमोजिम कम्पनीलाई अगाडी बढाउने प्रतिबद्धता रहेको छ ।

**३) कानुनी कारवाही सम्बन्धी विवरण :**

क) संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर नभएको ।

ख) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध, फौजदारी अभियोग गरेको सम्वन्धमा कुनै मुद्दा दायर नभएको ।

**४) संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण**

क) यस संस्थाको शेयर मूल्य धितोपत्र बजारको नीति नियम अनुसार खुला बजारले निर्धारण गर्ने गरेको र सोही अनुसार नै कारोबार हुने गरेको छ ।

ख) समीक्षा अवधिमा कम्पनीको शेयर धितोपत्र को कारोबार निम्न बमोजिम रहेको छ ।

| | | | |
|---|---|---|---|
| **शेयरको अधिकतम मूल्य रू.** | ८७४.६ | शेयरको न्यूनतम मूल्य रु | ६५७ |
| **अन्तिम मूल्य रू.** | ६९८ | कारोबार भएको कुल दिन | ५३ |
| **कारोबार संख्या** | ५,२०४ | कारोबार भएको शेयर संख्या | ४,९३,२७८ |

**५) समस्या तथा चुनौती**
कम्पनीद्वारा सञ्चालनमा रहेको आयोजनाको व्यावसायिक उत्पादन सुरु भईसके तापनि उत्पादनको क्रममा मौसमको अनुकुलता वा प्रतिकुलताले नदिको वहावमा आउन सक्ने उतार चढावले बिद्युत उत्पादनको परिमाणमा असर पार्न सक्नेछ । यस आयोजनाद्वारा उत्पादित विद्युतलाई टारिकुना सब-स्टेसन (खुदीहब) निर्माण सम्पन्न नहुँदासम्म बर्षायाममा पूर्ण क्षमतामा विद्युत प्रशारण गर्न अस्थायी प्रवृद्दीको समस्या देखिएको छ । साथै, यस संस्था विद्युत उत्पादनका क्रममा आईपर्न सक्ने प्राविधिक तथा अन्य समस्याहरू समाधान गर्न निरन्तर रूपमा अग्रसर रहेको छ ।

**६) संस्थागत सुशासन**
प्रचलित कानुन बमोजिम प्रकृया अवलम्बन गरि संस्थागत सुशासन कायम गरिएको छ ।

**७) सत्य तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण:**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरू सु-सूचित गर्न तथा निर्णय लिन आवश्यक पर्ने कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाईएका छैनन् ।


**कतारमा रोजगार** कम्पनी : ASKLAN TRADING AND AGRICULTURE

पूर्व स्वीकृति मिति : २०८३/०१/२४ | LT. No. 341673 | चलानी नं. ६०२५५०४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gardener | 200 | 0 | 1100 | ४५,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १ गते (15th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1405/074/75

**CHANDRA KAMANA MANPOWER PVT.LTD.** (A.D. CAREERS PVT.LTD.)
Ratopul, Gauhala, Kathmandu, Nepal, Contact: +977-01-4542876, 4538339, Bhupendra lal Karna : +9779802358805
E-mail : chandrakamna05@gmail.com, Web: www.chandrakamanamanpower.com

**मलेसियामा रोजगार** कम्पनी : LISTEN SECURITY SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०७/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/२४ | LT. No. 333221 | चलानी नं. ६०२४६८४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 35 | 0 | 1700 | ५७,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १ गते (15th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Elite Gurkhas Overseas Pvt. Ltd.** श्रम ईजाजत नं.५३५/०६१/०६२
Gongabu Townplanning-26 Kathmandu, Nepal, Tel.: +977-1-4975567, 4975568,
E-mail: proelitegurkhas@gmail.com, Web: www.elitegurkhasoverseas.com

**साउदीमा रोजगार** कम्पनी : NOURA ALOTAIBI CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०८३/०१/२३ | LT. No. 341527 | चलानी नं. ६०२५४९७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 1 | 0 | 1000 | ४०,४२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख ३१ गते (14th May 2026) मा हुनेछ ।
नोट : यो विज्ञापन मिति २०८३ वैशाख २४ गते प्रकाशन हुनुपर्नेमा प्राविधिक कारण छुट्न गएकोले आज मिति २०८३ वैशाख २५ गते प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

**साउदीमा रोजगार** कम्पनी : RENDA CAFE FOR SERVING DRINKS

पूर्व स्वीकृति मिति : २०८३/०१/२३ | LT. No. 341606 | चलानी नं. ६०२५४९८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffe Serve | 1 | 0 | 1200 | ४८,५०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १ गते (15th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**AL-HERA OVERSEAS PVT. LTD.**
Tilganga, Ktm, Nepal, Tel: +977-1-4465886, 4465902, E-mail:alheraoverseas@ntc.net.np,
jaynulrain@yahoo.com, khatunrain78692@gmail.com, Website :www.al-heraoverseas.com
श्रम ईजाजत नं. ५०१/०६१/०६२

**साउदीमा रोजगार** कम्पनी : AL-SHORFA GENERAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०१/२४ | LT. No. 341636 | चलानी नं. ६०२५५००८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading and unloading worker/ helper | 7 | 0 | 1000 | ४०,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १ गते (15th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ACE RECRUITMENT
**Ace Recruitment Pvt. Ltd.** श्रम ईजाजत नं. १६२६/०७९/०८०
Prakash Ashram Road, Near Int'l Airport, Kathmandu, Nepal, Tel: +977 1-5914502, 1-5914503, 9801316307, 9801316308
WhatsApp: +977 9801316307, Mail: cv.acenepal@gmail.com, jobs.acerecruitment@gmail.com, Web: www.acerecruitment.com.np

**अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना**

यस **Tridev Traders Pvt. Ltd.** कम्पनीले CHINA बाट पैठारी गरेको देहायको मालबस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि.नं. | मालबस्तुको विवरण | आकार/ प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक राष्ट्र | ईकाई | ईकाई प्रति मूल्य | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | RANGEHOOD CHIMNEY | N/A | INDOFRESH | IN25M90E | N/A | CHINA | PCS | 9,150.00 | 12,000.00 | |
| 2 | RANGEHOOD CHIMNEY | N/A | INDOFRESH | IN25M90S | N/A | CHINA | PCS | 11,500.00 | 14,950.00 | |
| 3 | RANGEHOOD CHIMNEY | N/A | INDOFRESH | IN25M90T | N/A | CHINA | PCS | 12,250.00 | 15,800.00 | |

बिक्रेताको फर्मको नाम: **Tridev Traders Pvt. Ltd.** | स्थायी लेखा नं: **602397146**
ठेगाना: **Pepsikola-32, Kathmandu, Nepal** | फोन नं: **9851071012**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# वित्तीय पारदर्शितामा प्रगति, सहभागितामा खाडल

**इन्टरनेसनल बजेट पार्टनरसिप (आइबिपी) द्वारा प्रकाशित खुला बजेट सर्वेक्षण–२०२५ को नतिजाले नेपालको सार्वजनिक वित्त व्यवस्थापनको क्षेत्रमा एउटा मिश्रित तर आशालाग्दो चित्र प्रस्तुत गरेको छ। सर्वेक्षणमा नेपालले ५२ अंक प्राप्त गर्नु र अघिल्लो वर्षको तुलनामा सुधार देखिनुले सरकार पारदर्शिताको दिशामा क्रमिकरूपमा अघि बढिरहेको संकेत गर्दछ। राज्यकोषको खर्च र कर नीतिको जानकारी आमनागरिकसम्म पुऱ्याउने प्रयासमा भएको यो बढोत्तरी लोकतान्त्रिक अभ्यासका लागि सकारात्मक पक्ष हो। यसले अन्तर्राष्ट्रिय जगत्‌मा नेपालको वित्तीय सुशासनको छवि सुधार्न मद्दत त पुऱ्याउँछ नै, साथै सार्वजनिक रकमको परिचालनमा जिम्मेवारी बोधको सुरुआत भएको पनि पुष्टि गर्छ।**

**यद्यपि, तथ्यांकको गहिराइमा पस्दा केही गम्भीर चुनौतीहरू अझै कायमै देखिन्छन्। विशेषगरी सार्वजनिक सहभागितामा प्राप्त २८ अंकले हाम्रो बजेट निर्माण प्रक्रिया अझै पनि 'बन्द कोठा' र 'प्राविधिक कर्मचारी'को घेराभन्दा बाहिर निस्कन नसकेको स्पष्ट पार्छ। महालेखापरीक्षकको कार्यालयले नागरिक सहभागिताका लागि देखाएको तत्परता प्रशंसनीय भएता पनि नीति निर्माणको मुख्य थलो कार्यपालिका र संसद्‌मा देखिएको रिक्तताले बजेटलाई जनमुखी बनाउने बाटोमा अवरोध खडा गरेको छ। बजेट केवल अंकको खेलमात्र होइन, यो आमनागरिकको जीवनस्तर उकास्ने राजनीतिक र आर्थिक प्रतिबद्धता पनि हो। जबसम्म बजेट तर्जुमादेखि कार्यान्वयनसम्म नागरिकको अर्थपूर्ण संलग्नता हुँदैन, तबसम्म सार्वजनिक खर्चको जवाफदेहिता पूर्णरूपमा सुनिश्चित हुन सक्दैन।**

**यस सुधारको गतिलाई थप प्रभावकारी बनाउन सरकारले अबका दिनमा आफ्ना कार्यशैलीमा व्यापक परिवर्तन ल्याउनु आवश्यक छ। बजेट तर्जुमाको प्रारम्भिक चरणदेखि नै केवल औपचारिकताका लागिमात्र नभई वास्तविक आवश्यकता पहिचान गर्न स्थानीय तहसम्म नागरिक संवादका स्थायी संयन्त्रहरू निर्माण गरिनुपर्छ। विशेषगरी सीमान्तकृत र भुइँतहका नागरिकका आवाजलाई नीतिगतरूपमै बजेटमा समेट्ने कानुनी सुनिश्चितता हुनुपर्छ। संसदीय समितिहरूले बजेट र लेखापरीक्षणका फाइलहरूमाथि छलफल गर्दा विज्ञ र नागरिक समाजका प्रतिनिधिहरूलाई अनिवार्य सहभागी गराउने र सार्वजनिक सुनुवाइ गर्ने परिपाटीको विकास गर्नु आजको आवश्यकता हो।**

**यसका साथै, बजेटका जटिल र प्राविधिक दस्तावेजहरूलाई आमनागरिकले बुझ्नेगरी सरल भाषामा 'नागरिक बजेट'को रूपमा स्थानीयस्तरसम्म प्रवाह गरिनुपर्छ। सूचना प्रविधिको अधिकतम प्रयोग गर्दै बजेट कार्यान्वयनको अवस्थालाई 'रियल टाइम' ट्र्याकिङ गर्ने प्रणालीको विकास गरी हरेक आयोजनाको खर्च र प्रगति विवरण सार्वजनिक गरिनु पर्छ। नागरिकले दिएका सुझावहरूलाई बजेटमा कसरी र कति समेटियो भन्ने कुराको स्पष्ट जानकारी दिने संयन्त्रलेमात्र सरकारप्रतिको विश्वासलाई मजबुत बनाउँछ।**

**खुला बजेट सर्वेक्षणमा देखिएको सुधारलाई एउटा बलियो जग मानेर सरकारले अबको यात्रा अर्थपूर्ण जनसहभागिता तर्फ मोड्नुपर्छ। सार्वजनिक वित्त व्यवस्थापनमा पारदर्शिता र सहभागिताको फराकिलो अभ्यासले नै लोकतन्त्रलाई मजबुत बनाउने छ र भ्रष्टाचार न्यूनीकरणमा ठोस योगदान पुऱ्याउने छ। सरकारले यो सुधारलाई केवल अंकमामात्र होइन, नागरिकको जीवनमा देखिने वास्तविक परिवर्तनमा बदल्न सक्नुपर्छ।**

## श्रम सरोकार

### वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि आवश्यक जानकारी

- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरमात्र जानुपर्दछ।
- सरकारले खुला गरेका मुलुकहरूबाहेक वैदेशिक रोजगारका लागि जान नहुने देशहरू विभागको वेबसाइटमा हेर्न सकिन्छ।
- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा जान पाइँदैन। खाडी मुलुकमा जान महिला घरेलु कमदारको हकमा २४ वर्ष उमेर पूरा भएको हुनुपर्दछ।
- श्रम स्वीकृति लिएर व्यक्तिगतरूपमा पनि वैदेशिक रोजगारमा जान सकिन्छ।
- वैदेशिक रोजगारमा जानुअघि कम्तीमा १० लाख रूपैयाँ बराबरको बिमा गराउनुपर्दछ।
- सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराएर मात्र जानुपर्दछ।
- वैदेशिक रोजगारमा प्रस्थान गर्नुअघि पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्दछ। महिला कामदारले अभिमुखीकरण तालिमका लागि तिरेको रकम वैदेशिक रोजगार बोर्डबाट सोधभर्ना पाइन्छ।
- वैदेशिक रोजगारमा जान रोजगारदाता र पठाउने कम्पनीसँग करार गर्नुपर्दछ।
- श्रम स्वीकृतिका लागि करार अवधि तीन वर्षसम्मको भएमा एक हजार ५०० रूपैयाँ र तीन वर्षभन्दा बढीको भएमा दुई हजार ५०० रूपैयाँ कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ।
- विभागले तोकेबमोजिम सीपको तालिम लिई सोको प्रमाणपत्र पेस गर्नुपर्दछ।
- वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थलको प्रयोग गर्नुपर्दछ।
- म्यानपावर कम्पनीलाई तिरेको पैसाको रसिद लिनुपर्दछ।
- सम्झौताबमोजिम रोजगार उपलब्ध नगराएमा कामदार वा निजको आफन्तले विभागसमक्ष क्षतिपूर्तिका लागि उजुरी दिन सक्ने छ।
- कामदारले आर्जन गरेको रकम बैंक वा इजाजत प्राप्त बैंकिङ सेवा प्रदान गर्ने संस्थामार्फत स्वदेश पठाउनुपर्छ।
- करारबमोजिम सुविधा नपाई कामदार अलपत्र परी स्वदेश फर्काउन परेमा म्यानपावरले नै स्वदेश फर्काउनुपर्ने छ।
- कामदारले भिसाको म्याद, करार अवधि र श्रम स्वीकृतिको म्याद सकिएपछि स्वदेश फर्कनुपर्दछ।

# विश्वकप क्रिकेटका लागि नेपालको सशक्त दाबेदारी



❑ राजु सिलवाल

> "विश्वकप लिग-२ मा नेपाली टिमले हालसम्म हासिल गरेको नतिजा उत्साहप्रद नै भएता पनि सन्तोष मान्नुपर्ने अवस्था भइसकेको छैन। नेपालको अझै थुप्रै प्रतिस्पर्धा बाँकी छन्। आगामी विश्वकपजस्तो प्रतिष्ठित प्रतियोगितामा नेपालको प्रतिनिधित्व सुनिश्चित गराउन क्यानले विशेष योजनासहित अघि बढनुपर्ने देखिएको छ। नेपाली क्रिकेट खेलाडीहरूले लगातार घरेलु तथा अन्तर ाष्ट्रिय प्रतियोगिता खेल्दै आएता पनि तत्काल विश्राम पाउने अवस्था रहेको छैन। यसरी क्रिकेट खेलाडीहरूको अनवरत मिहेनत तथा व्यस्ततासँग मुलुकको प्रतिष्ठा पनि गाँसिएको छ।

नेपाली पुरुष राष्ट्रिय क्रिकेट टिमले 'टि-ट्वाण्टी' विश्वकपमा सहभागी भएलगत्तै अर्को विश्वकपमा छनोटका लागि दाबेदारी प्रस्तुत गर्ने क्रम जारी राखेको छ। सन् २०२७ मा दक्षिण अफ्रिका, जिम्बाबे तथा नामेबियाको संयुक्त आयोजनामा आइसिसी पुरुष विश्वकप क्रिकेट प्रतियोगिताको १४औं संस्करण आयोजना हुँदै छ। सोही प्रतियोगितामा प्रवेशका लागि काठमाडौंमा भएको छनोट प्रतिस्पर्धामा नेपालले खेलका कूल चार खेलमध्ये तीन खेलमा विजय हासिल गर्दै विश्वकप सहभागिताको सम्भावनाको ढोका खोल्ने प्रयास गरेको हो। उक्त विश्वकप लिग-२ अन्तर्गत त्रिकोणात्मक शृंखलामा नेपालले हासिल गरेको नतिजालाई उत्साहजनक मानिएको छ।

नेपाल, ओमान र संयुक्त अरब इमिरेटस (युएई) बीच भएको ५० ओभरको ओडिआई फर्म्याटको उक्त शृंखलामा नेपालले युएईलाई दुवै खेलमा हराएको थियो। त्यस्तै पहिलो खेलको पराजयको बदला लिँदै ओमानलाई विश्वकप लिग-२ को १०३औं खेलमा ८१ रनको विशाल अन्तरले पराजित गर्दै नेपालले शृंखलाको प्रतिस्पर्धा टुंग्याएको थियो। सन्तुलित प्रदर्शन नै नेपालको विजयको मुख्य कारण बन्न पुग्यो। नेपालको ब्याटिङको तुलनामा कसिलो बलिङ उल्लेखनीय थियो। त्यस्तै नेपाली टिमको फिल्डिङ पक्ष पनि प्रशंसायोग्य थियो। नेपाल टिमको मंगलबारको विजयमा आशिफ शेखको ९४ रन तथा गुलसन झाको पाँच विकेटको महत्त्वपूर्ण योगदान रहेको थियो। यसअघि काठमाडौंमै भएको अभ्यास खेलमा पनि 'नेपाल ए' टिमले ओमानको राष्ट्रिय टोलीलाई ११५ रनले हराएर मनोबल उच्च बनाएको थियो।

विश्वकप लिग-२ मा सहभागी रहेका आठ टोलीमध्ये शीर्ष स्थानमा पुग्ने चार टोली विश्वकपमा छनोट हुने व्यवस्था रहेको छ। त्यसपछि परेका अन्य चार टिमले भने विश्वकप छनोटका लागि 'प्ले-अफ' प्रतियोगिता खेल्नुपर्ने छ। नेपालले विश्वकप छनोटका लागि हालसम्म खेलेका २४ खेलमध्ये आठ वटामा जितेर समूहको अंक तालिकामा सातौं स्थानमा रहेको छ। नेपालले १४ वटा खेलमा पराजय भोगिसकेको छ।

नेपालको हालसम्म कूल अंक १८ रहेको छ। आठ मुलुकका टिमको उक्त समूहमा अमेरिका ३६ अंकसहित शीर्ष स्थानमा रहेको छ। त्यसपछि स्कटल्याण्ड ३४, ओमान ३१ र नेदरल्याण्डस् २६ अंकसहित शीर्ष चारमा रहेका छन्। नेपालले अंक तालिकामा तेस्रो स्थानमा रहेको टिम ओमानलाई पराजित गर्नु महत्त्वपूर्ण उपलब्धि मानिएको छ। नेपालले विश्वकप छनोटकै सिलसिलामा फेरि आफ्नै गृहमैदानमा दाबेदार रहेका अन्य दुई टिमसँग खेल्ने अवसर पाउने भएको छ। नेपालले यही वैशाख २९ गते र जेठ ४ गते काठमाडौंमा स्कटल्याण्डसँग प्रतिस्पर्धा गर्दै छ भने जेठ २ गते र ८ गते अमेरिकासँग खेल्ने कार्यक्रम रहेको छ। ती प्रतिस्पर्धा यसपटक सम्पन्न खेलहरूभन्दा केही कठिन हुने आँकलन गरिएको छ।

आइसिसी पुरुष क्रिकेट विश्वकप लिग-२ एक दिवसीय अन्तर्राष्ट्रिय (ओडिआई) प्रतियोगिता हो, जसलाई आगामी सन् २०२७ मा आयोजना हुने विश्वकप क्रिकेट प्रतियोगितामा छनोटको दोस्रो तहको आधार मानिएको छ। उक्त प्रतियोगितामा इण्टरनेसनल क्रिकेट काउन्सिलका आठ एसोसिएट राष्ट्रका टिमहरूले विश्वकप छनोटका लागि प्रतिस्पर्धा गर्दै छन्, जसमा ती टिमले २४ त्रिदेशीय शृंखला खेलिरहेका छन्। यसअन्तर्गत प्रत्येक टोलीले ३६ वटा एक दिवसीय खेल खेल्नुपर्ने छ। सन् २०२६ भरि नै यी खेल हुने कार्यक्रम रहेकोले हाल सातौं स्थानमा रहेको नेपाल माथिल्लो स्थानमा उक्लन सक्ने सम्भावना अझै रहेको छ।

## दिपेन्द्रको दुःखेसो

विगत केही समयदेखि नेपाली क्रिकेट टिमका खेलहरू मुलुकभित्र वा मुलुकबाहिर भएको बखत पनि नेपाली दर्शकहरूको उपस्थिति उल्लेखनीयरूपमा हुँदै आइरहेको छ तर यसपालि कीर्तिपुरमा खेल हेर्न नेपाली दर्शकहरू उपस्थिति कमी भएकामा नेपाली टिमका उपकप्तान दिपेन्द्रसिंह ऐरीले गुनासो नै व्यक्त गरेका थिए। उपकप्तान ऐरीले विगतजस्तै यसपटक पनि सशक्त खेल प्रदर्शन गरेका थिए। उनले युएईविरुद्ध लिएको शतक यसपालिको उल्लेखनीय उपलब्धि मान्न सकिन्छ। यसअघि अमेरिका, भारतलगायतका मुलुकमा नेपाली टिमको खेल हुँदा नेपाली दर्शकहरूको उपस्थिति अन्तर्राष्ट्रियस्तरमै चर्चित हुन पुगेको थियो। तर यसपालि फ्लड लाइटको प्रकाशमा सञ्चालन गरिएको खेलमासमेत दर्शकहरूको उपस्थितिमा कमी आएपछि उपकप्तान ऐरी खुसी देखिएनन्।

नेपाली टिमका खेलाडीहरूले यसपालि खेल हेर्न बढी दर्शकहरू आउने अपेक्षा गरेका थिए। धेरै दर्शक रंगशाला आएमा खेलाडीहरूलाई हौसला मिल्ने उपकप्तान ऐरीको धारणा रहेको छ। नेपालको धेरैजसो प्रतिस्पर्धा युएई, ओमानजस्ता मुलुकहरूसँग भएकाले पनि यसपटक दर्शकहरू घटेको अनुमान गरिएको छ। यस्तै नेपाली खेलाडीहरूको प्रदर्शन अपेक्षा गरिएजस्तो नहुनुजस्ता कारणले पनि दर्शकहरूको उपस्थितिमा कमी आएको हो। हरेक क्रिकेट प्रतियोगिता काठमाडौंमै केन्द्रित नरहेर उपत्यकाबाहिरसमेत आयोजना गर्न सकिएमा दर्शक संख्या बढाउन सकिने सम्भावनालाई पनि नकार्न सकिँदैन।

## सन्दिपको सफलता

ओमानविरुद्धको अन्तिम खेलमा अन्तिम विकेट लिन सफल नेपाली लेगस्पिनर सन्दिप लामिछानेले यसपालि सबैजसो खेलमा विकेट लिएर आफ्नो खेल कौशल प्रदर्शन गरेका थिए। विश्वस्तरीय क्रिकेटमै आफ्नो पहिचान बनाउन सफल लामिछाने क्रिकेट खेलाडीहरूको विश्व वरीयताक्रममा छलाङ मार्नसमेत सफल भएका छन्। उनले 'टि-ट्वाण्टी' अन्तर्राष्ट्रियमा २५औं स्थान तथा एकदिवसीय अन्तर्राष्ट्रियमा तीन स्थान सुधार गरेका छन्। उनी 'टि-ट्वाण्टी' आईको बलिङ वरीयतामा ५३औं स्थानमा उक्लिन सफल भएका छन् भने ओडिआई वरीयतामा ५८औं स्थानमा पुगेका छन्। उनको नाममा अर्को नयाँ कीर्तिमान कायम हुनु मुलुककै क्रिकेट इतिहासमा थप उपलब्धि मान्न सकिन्छ। उनले विश्वकप लिग-२ अन्तर्गत १०० विकेट लिएर पहिलो बलर बन्ने सौभाग्य प्राप्त गरेका छन्। उनले विश्वकप लिग-२ मा शतक कटाउने पहिलो बलर बनेर इतिहास रचेका छन्। अन्तर्राष्ट्रिय एक दिवसीय क्रिकेटमा कम खेलमै धेरै विकेट लिने नेपाली बलरहरूमा उनी अग्रणी खेलाडी हुन्। अन्तर्राष्ट्रिय फ्रेञ्चाइज क्रिकेटमार्फत नेपाललाई विश्व क्रिकेटमा चिनाउने लामिछाने इण्डियन प्रिमियर लिगमा खेल्ने पहिलो नेपाली खेलाडी हुन्। विभिन्न अन्तर्राष्ट्रिय 'टि-ट्वाण्टी' लिगहरूमा उनले व्यावसायिक खेलाडीका रूपमा खेलिसकेका छन्। यसपालिको प्रतियोगितामा लयमा देखिएका लामिछानेले नयाँ कीर्तिमान कायम गरेपछि सामाजिक सञ्जालमा सबै क्रिकेटप्रेमीहरूप्रति आभार प्रकट गर्दै आफू भविष्यमा नेपाल र नेपाली जनताहरूलाई गौरवान्वित बनाउन प्रयासरत रहने धारणा व्यक्त गरेका थिए।

## पाका खेलाडीको पुनरागमन

यसपालि नेपालका मुख्य प्रशिक्षक स्टुवार्ट लले पुराना अनुभवी खेलाडीलाईसमेत पुन टिममा भित्र्याएर राम्रो मूल्यांकन गरेका छन्। आवश्यकताअनुसार बेलाबेलामा खेलाडीहरूको फेरबदल गर्नाले टिमलाई मजबुत बनाउन सहयोग पुग्न जाने छ। नेपाली राष्ट्रिय टिममा सबैभन्दा पाका खेलाडी बनेर विनोद भण्डारीको पुनरागमन हुनु प्रशिक्षकको उचित मूल्यांकन मान्न सकिन्छ। खेलाडी भण्डारीको ३६ वर्षको उमेर नेपाली राष्ट्रिय टिममा पुनरागमन भएको हो। उनले नेपालको तर्फबाट विभिन्न अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा आफ्नो सहभागिता जनाइसकेका छन्। पछिल्लोपटक दुई वर्षअघि राष्ट्रिय टिमबाट खेलेका उनले घरेलु प्रतियोगिताहरूमा भने निरन्तरता दिइरहेका थिए।

## अर्जुनको डेब्यु

नेपाली टिममा लामो समयदेखि सीमित खेलाडीहरूको बर्चस्व भएको आरोप खेप्दै आइरहेको नेपाल क्रिकेट संघ क्यानले आइसिसी विश्वकप लिग-२ को सिलसिलामा भरपर्दा खेलाडीका रूपमा स्थापित हुनसक्ने सम्भावना भएका अर्जुन कुमाललाई डेब्यु गराएको छ। २० वर्षीय ब्याट्‌सम्यान कुमाललाई युएईविरुद्धको खेलमा कप्तान रोहित पौडेलले डेब्यु क्याप दिएर राष्ट्रिय टिममा स्वागत गरेका थिए। हालै पिएम कप क्रिकेट प्रतियोगितामा सर्वाधिक ५०४ रन बनाएर उनले आफ्नो खेल क्षमता प्रदर्शन गरेका थिए। उनले यसअघि यु-१९ राष्ट्रिय टिमबाट मुलुकका लागि अन्तर्राष्ट्रिय प्रतिस्पर्धा गरिसकेका थिए। ओमानविरुद्धको खेलमा खेलाडी कुमारले दोस्रो विकेटका लागि आशिफ शेखसँग गरेको १२३ रनको साझेदारी महत्त्वपूर्ण रह्यो।

## रंगशाला सुरक्षित

कीर्तिपुरस्थित क्रिकेट रंगशाला नवीकरण होला कि नहोला भनेर क्रिकेटप्रेमीहरू अन्योलमा रहिरहेको बेला त्रिभुवन विश्वविद्यालयले क्यानलाई क्रिकेट रंगशालाको जग्गा ३५ दिनभित्र खाली गरिदिन पठाएको पत्रले झन चिन्ता थपेको थियो। तर अब खेलकुद मन्त्रालयकोसमेत कार्यभार सम्हालेका नेपाल सरकारका प्रवक्ता सस्मित पोखरेलले कीर्तिपुर क्रिकेट मैदान नभत्काइने जानकारी दिएपछि अन्योल समाप्त भएको छ। त्रिभुवन विश्वविद्यालय र क्रिकेट संघ (क्यान)बीच नयाँ सम्झौता गरिने भएको छ। गत वर्षमात्र पुनर्निर्माण गरिएको कीर्तिपुर रंगशालामा करिब १० हजार दर्शक बस्नका लागि सिटको व्यवस्था गरिनुका साथै राति पनि खेल सञ्चालनका लागि पहिलोपटक फ्लड लाइट जडान गरिएपछि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता हुँदै आइरहेका छन्।

## महिला टिम पनि पछ्याउँदै

नेपालमा पुरुष क्रिकेट टिमको व्यस्तता र सफलतालाई महिला टिमले पनि पछ्याइरहेका छन्। पछिल्लोपटक रुवाण्डामा सम्पन्न 'आइसिसी ओमन्स टि-ट्वाण्टी' अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपाली टिम दोस्रो भएर आफ्नो सक्षमता प्रमाणित गरेको छ। अन्तिम खेलमा नेपालले इटलीलाई आठ विकेटको विशाल अन्तरले पराजित गरेको थियो। नेपालले यसअघि पनि इटलीलाई हराएको थियो। नेपाली महिला टिमको अर्को महत्त्वपूर्ण सफलता भनेको रुवाण्डालाई उनीहरूकै गृहमैदानमा दुईपटक हराउन सफल भएको थियो। प्रतियोगिताको उपाधि विजेता अमेरिकासँग नेपाल दुवै खेलमा हारेको थियो। नेपाल भानुआटुसँग एक खेलमा हारेको थियो भने एक खेलमा पराजित गर्न सफल भएको थियो।

## अन्त्यमा,

विश्वकप लिग-२ मा नेपाली टिमले हालसम्म हासिल गरेको नतिजा उत्साहप्रद नै भएता पनि सन्तोष मान्नुपर्ने अवस्था भइसकेको छैन। नेपालको अझै थुप्रै प्रतिस्पर्धा बाँकी छन्। आगामी विश्वकपजस्तो प्रतिष्ठित प्रतियोगितामा नेपालको प्रतिनिधित्व सुनिश्चित गराउन क्यानले विशेष योजनासहित अघि बढनुपर्ने देखिएको छ। नेपाली क्रिकेट खेलाडीहरूले लगातार घरेलु तथा अन्तर ाष्ट्रिय प्रतियोगिता खेल्दै आएता पनि तत्काल विश्राम पाउने अवस्था रहेको छैन। यसरी क्रिकेट खेलाडीहरूको अनवरत मिहेनत तथा व्यस्ततासँग मुलुकको प्रतिष्ठा पनि गाँसिएको छ।

मुलुकको प्रतिनिधित्व गर्दै यी खेलाडीहरूले विभिन्न प्रतियोगितामा जितेका उपाधिहरूबापत सरकारले प्रतिबद्धता व्यक्त गरेअनुसारको आर्थिक पुरस्कार समयमै उपलब्ध गराउन प्राथमिकता दिनुपर्दछ। नेपालबाट खेलाडीहरू बर्सेनि विदेशमा पलायन भइरहेको वर्तमान अवस्थामा सरकारले मुलुकमा खेलेर पनि बाँच्न सकिने अवस्था सुनिश्चित गर्ने यथोचित् कार्यक्रम ल्याउन अब ढिलो गर्न नहुने महसुस गरिएको छ।

नेपालमा अहिले विगतको तुलनामा क्रिकेटमा अहिले लगानी बढिरहेको छ। संघदेखि स्थानीय तहसम्म क्रिकेटमा गतिविधि बढ्दै गएकाले यस्तो वातावरण बन्दै गएको मान्न सकिन्छ। क्रिकेटप्रति बढ्दै गएको आकर्षणलाई अझ व्यवस्थित गर्न नेपाल क्रिकेट संघलगायत विभिन्न तहका पदाधिकारीहरू लागिपर्नुपर्ने हुन्छ। नेपालमा यस वर्ष पनि थुप्रै विभिन्न घरेलु क्रिकेट प्रतियोगिता आयोजना हुँदै छ। यसैक्रममा नेपालमा व्यावसायिक खेलकुद प्रतियोगितामध्ये सबैभन्दा सफल मानिएको नेपाल प्रिमियर लिगको सिजन-३ को घोषणा छिट्टै गरिने भएको छ। व्यावसायिक क्रिकेटको विकासका लागि नै आगामी जेठ ९ गतेदेखि सुनसरीमा कोशी प्राइड लिग क्रिकेट प्रतियोगिता सुरु हुँदै छ।

खेलाडीहरूको स्तर निर्धारण गरी पारिश्रमिक दिइने उक्त प्रतियोगिताको तेस्रो संस्करण निजी क्षेत्रको सक्रियतामा हुन लागेको हो। यसमा सहभागी प्रत्येक टिमले राष्ट्रिय टिमबाट तीन खेलाडीलाई खेलाउन पाउने नियम रहेको छ। नेपाल क्रिकेट संघको यही वैशाख २७ र २८ गते विराटनगरमा आयोजना हुने वार्षिक साधारणसभाले सन् २०२६ को वार्षिक कार्ययोजना तथा बजेट पारित गर्दै छ। नेपालको क्रिकेटलाई समयोचित विकास गर्नका लागि स्कूलदेखि नै प्रशिक्षण सञ्चालन गर्नु जरुरी भइसकेको छ। *रासस*





**त्रिसाली मेला** | छैटौं शताब्दीमा स्थापना भएको विश्वास गरिने पाँचथरको कुम्मायक गाउँपालिकास्थित कुम्मायक माङहिम (मन्दिर)मा पूजाअर्चना सकेर कुस्सायक माङहिमतर्फ जाँदै झ्याँकीसहितको पूजा टोली । यहाँ बुधबारदेखि ऐतिहासिक त्रिसाली मेला लागिरहेको छ । तस्बिरः रासस

# कर्णालीका ७९ स्थानीय तहमा एक चौथाइ दरबन्दी रिक्त

**कर्णाली–** भौगोलिकरूपमा विकट मानिने कर्णाली प्रदेशका ७९ स्थानीय तहमा एक चौथाइ कर्मचारी दरबन्दी रिक्त रहेको छ। संघीय सरकारको स्वीकृत दरबन्दीअनुसार यहाँका ७९ स्थानीय तहमा एक चौथाइ दरबन्दी कर्मचारीविहीन रहेका मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय कर्णाली प्रदेश सुर्खेतले जनाएको छ।

कूल पाँच हजार ६६० स्वीकृत दरबन्दी रहेकामा एक हजार ३६३ दरबन्दी रिक्त रहेका मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव लक्ष्मीकुमार विकले जानकारी दिए। उनका अनुसार कूल दरबन्दीमध्ये चार हजार २९७ कर्मचारी कार्यरत छन्।

सम्बन्धित पालिकाको पठाएको विवरणअनुसार शिक्षा सेवातर्फ पाँचौंदेखि नवौं/दशौं तहका १८३ स्वीकृत दरबन्दीमा १३२ पदपूर्ति र ५१ दरबन्दी रिक्त छन् । इञ्जिनियरिङ सेवातर्फ एक हजार ५५ स्वीकृत दरबन्दीमा ६३४ पदपूर्ति र ४२१ रिक्त रहेका छन् भने यो सेवामा नवौं/दशौं तहमा शून्य पदपूर्ति रहेका सचिव विकले बताए ।

उनका अनुसार प्रशासन सेवातर्फ एक हजार ५४१ स्वीकृत दरबन्दीमा एक हजार ६४ पदपूर्ति हुँदा ४७७ रिक्त छ । स्वास्थ्य सेवातर्फ एक हजार ८८४ स्वीकृत दरबन्दीमा एक हजार ७३२ पदपूर्ति र १५२ दरबन्दी रिक्त रहेका जनाइएको छ । कृषि सेवातर्फ ८१४ स्वीकृत दरबन्दीमा ५७७ पदपूर्ति र २३७ रिक्त छन् । विविध सेवातर्फ १८३ स्वीकृत दरबन्दीमा १५८ पदपूर्ति र २५ रिक्त रहेका कार्यालयका सचिव विकले जानकारी दिए ।

प्रदेशका ७९ स्थानीय तहमध्ये डोल्पाको डोल्पो बुद्ध गाउँपालिकामा ५३ दरबन्दीमाध्ये १५ जनामात्र कार्यरत छन् । वीरेन्द्रनगर नगरपालिका सुर्खेतको १०५ स्वीकृत दरबन्दीमा ११६ जना कार्यरत छन् । यो पालिकामा ११ जना कर्मचारी बढी रहेका कार्यालयका सचिव विकले बताए ।

डोल्पो बुद्धमा दरबन्दीअनुसार कर्मचारी नदेखिनुमा करारबाट काम चलेको हुनसक्ने भन्दै सचिव विकले मुख्यमन्त्री कार्यालयले अब सबै स्थानीय तहको रिक्त दरबन्दीको विवरण मागेर प्रदेश लोकसेवा आयोगमा पठाउने र रिक्त पदपूर्ति गर्ने जानकारी दिए । *रासस*

# विद्यार्थी अभावले संकटमा मर्स्याङ्दीको सप्तकन्या प्रावि



■ **विमला गुरुङ**

**काठमाडौं–** विद्यार्थी अभावमा लमजुङको मर्स्याङ्दी गाउँपालिका-७ स्थित सप्तकन्या प्राथमिक विद्यालय संकटमा परेको छ। वि.सं. २०४४ मा स्थापना भएको उक्त विद्यालयमा विद्यार्थी संख्या छ जनामा सीमित हुँदा विद्यालय नै बन्द हुने अवस्थामा पुगेको हो ।

विद्यालयका प्रधानाध्यापक दामोदर घिमिरेका अनुसार दुई वर्षअघि अर्थात् २०८१ सालमा जम्मा १६ जना विद्यार्थी रहेकामा गत वर्ष २०८२ मा १० जना घटेर छ जनामात्र विद्यार्थीले अध्ययन गरेका थिए । यो वर्ष दुई जना उत्तीर्ण भएर अन्यत्र गएका छन् भने दुई जना नै नयाँ भर्ना भएका छन् । विद्यालय छाड्ने र नयाँ भर्ना गरेर आउने संख्या बराबर हुँदा यस वर्ष गत वर्षको संख्यामा घटबढ नभएको उनले बताए ।

विद्यार्थी संख्यामा आएको तीव्र कमीले विद्यालयको अस्तित्व नै संकटमा परेको प्रधानाध्यापक घिमिरे बताउँछन् । 'विद्यार्थी घट्दै गएका कारण आगामी शैक्षिक सत्रमा विद्यालय सञ्चालनमा कठिनाइ आउन सक्ने देखिन्छ,' उनले भने ।

विद्यालयमा शिक्षक दरबन्दीसमेत कटौती भइसकेको छ । हाल न्यून शिक्षक संख्यामा विद्यालय सञ्चालनमा भइरहेको र यसले विद्यालयको शिक्षण सिकाइ गुणस्तरमा असर पारिरहेको स्थानीय आभिभावकहरूको भनाइ छ ।

विद्यार्थी घट्नुको मुख्य कारण बसाइँसराइ र निजी विद्यालयको स्थापना रहेको प्रधानाध्यापक घिमिरे बताउँछन् । गाउँका अधिकांश अभिभावक रोजगारी र सुविधाको खोजीमा घर छोडेर बजार क्षेत्र वा विदेश पलायन भएका छन् । बाँकी रहेका केही अभिभावकले आफ्ना सन्तानलाई निजी विद्यालयमा पढाउन थालेका छन् । विद्यालय जोगाउने पहलमा विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक, गाउँपालिका, टोल सुधार समिति, आमा समूह तथा युवा क्लबले संयुक्तरूपमा विद्यालय संरक्षण अभियान सञ्चालन गरिरहेका छन् । त्यसको प्रभाव भने देखिएको छैन ।

स्थानीय डम्बरजंग गुरुङका अनुसार बसाइँसराइ गरेर अन्यत्र गएका अभिभावकहरूसँग समन्वय गर्दै समूहमा राखेर छलफल गरिएको थियो । साथै, गाउँमा 'घरदैलो भर्ना आभियान' समेत सञ्चालन गरिएको थियो । 'गाउँका बालबलिकाहरूलाई आफ्नै विद्यालयमा अध्यापन गरउन सकून् भन्ने उदेश्यले हामी सबै संस्थाहरू मिलेर पहल गरेका थियौं,' टोल सुधार समितिका अध्यक्षसमेत रहेका गुरुङले बताए ।

मर्स्याङ्दी गाउँपालिका-७ का वडाध्यक्ष तिलबहादुर गुरुङले विद्यालयमा विद्यार्थी संख्या घट्नुको मुख्य कारण घट्दो जन्मदर, बसाइँसराइ, निजी विद्यालयप्रतिको आकर्षण तथा वैदेशिक रोजगार रहेको बताए। 'गाउँपालिकाका चारवटा विद्यालय पनि पूर्णरूपमा बन्दा भइसकेका छन् । सप्तकन्या समुदायिक विद्यालयको शैक्षिक गुणस्तर राम्रो हुँदाहुँदै पनि अभिभावकहरूको बढ्दो बसाइँसराइले विद्यालयमा यस्तो प्रभाव परेको छ,' उनले भने । गाउँपालिकाले विद्यालय संरक्षणका उपायहरू खोजी गरिरहेको उनले जानकारी दिए । *(प्रशिक्षार्थी पत्रकार)*

# नौ महिनामा एक हजारभन्दा बढीको शल्यक्रिया



**ढोरपाटन (बागलुङ)–** धौलागिरि प्रादेशिक अस्पताल बागलुङमा विशेषज्ञ सेवा थपिँदै गएपछि बिरामीको चाप बढ्दै गएको छ । अञ्चल अस्पताललाई गण्डकी प्रदेश सरकारले स्तरवृद्धि गरी प्रादेशिक अस्पताल बनाएपछि बिरामीको संख्यासमेत बढेको हो ।

अस्पतालले चौबिसै घण्टा आकस्मिकसहित साना तथा ठूला शल्यक्रिया र विशेषज्ञ सेवालाई प्रभावकारी बनाउन थालेको छ । दुई वर्ष अगाडिसम्म सामान्य शल्यक्रियाका लागि पोखरा पुग्नुपर्ने बाध्यता रहेकामा अहिले जटिल किसिमका शल्यक्रिया गर्न पनि बिरामी यहीँ आउने गरेका छन् ।

गत साउनदेखि हालसम्म यस अस्पतालमा एक हजार ४३ जनाको शल्यक्रिया गरिएको अस्पतालका मेडिकल रेकर्डर नवराज पौडेलले जानकारी दिए । एकसय जनाको हाडजोर्नीसम्बन्धी मुख्य अपरेसन, १९ जना आङ खसेका महिलाको शल्यक्रिया, १८ जनाको पित्तथैलीको शल्यक्रिया गरिएको पौडेलले बताए ।

एपेन्डिक्सका ३५ बिरामी, हर्नियाका ३५ र पाँच जना हाइड्रोसिलका बिरामीको शल्यक्रिया गरेको उनले बताए । पौडेलका अनुसार यस अवधिमा मिनिल्यापसम्बन्धी २५, भ्यासेक्टोमी दुई, १७९ जना गर्भवती, इक्टोपिकसम्बन्धी तीन जनाको शल्यक्रिया गरिएको छ ।

त्यस्तै, २०९ जनाको जनरल सर्जरी, हाडजोर्नीसम्बन्धी मध्यम तथा साना शल्यक्रिया १२० र ३९७ वटा विभिन्न रोगका जनरल सर्जरी गरेको उनले बताए । शल्यक्रिया गरेकोमध्ये १०३ जना बिरामीको दूरबिन प्रविधिबाट शल्यक्रिया गरिएको पौडेलले बताए ।

पछिल्लो समय अस्पतालप्रति बिरामीको विश्वास बढ्दै गएपछि चाप बढेको अस्पतालका मेडिकल सुपरिण्टेण्डेण्ट डा. किरण तिवारीले बताए । *रासस*

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**विदेशी शाखा/सम्पर्क कार्यालय खारेज सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७९-०६-०६ मा दर्ता भएको प्रा.लि.नं. २९९८५६ को **ट्राभल कर्पोरेशन इंडया लिमिटेड** नामक विदेशी कम्पनीको सम्पर्क कार्या दर्ता खारेज गर्न दिएको निवेदन अनुसार कपनी ऐन २०६३ को दफा १५८(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा मिति २०८३/०१/२३ को निर्णयानुसार जानकारी गराइछ ।


**साउदीमा रोजगार** — कम्पनी : TRIPOD GLOBAL SHOPVITS INDUSTRY COMPANY
पूर्व स्वीकृति मिति : २०८३/०१/२४ | LT. No. 341722 | चलानी नं.६०२५५०२५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 2 | 0 | 1000 | ४०,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १ गते (15th May 2026) मा हुनेछ ।
SHIVAM INTERNATIONAL MANPOWER SERVICES PVT. LTD
Sinamangal-9, Kathmandu Nepal, Tel : +977 01-5912780, Shiva Bahadur Kunwar 9802002020
Email : shivamintl9@gmail.com, Web: www.shivamintlmanpower.com.np
Gov Lic.No. 1570/079/80

**कुवेतमा रोजगार** — कम्पनी : TASTE WHEAT RESTAURANT COMPANY
पूर्व स्वीकृति मिति : २०८२/०५/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/२४ | LT. No. 331029 | चलानी नं. ६०२४४७३७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CHEF ASSISTANT. | 20 | 0 | 130 | ६४,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १ गते (15th May 2026) मा हुनेछ ।
Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

**मलेसियामा रोजगार** — कम्पनी : KYROS FOOD INDUSTRIES SDN BHD
पूर्व स्वीकृति मिति : २०८३/०१/२३ | LT. No. 341632 | चलानी नं. ६०२५४९८५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker (Machine Operator) | 11 | 0 | 1700 | ६६,०६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १ गते (15th May 2026) मा हुनेछ ।
SUHASHA LINK PVT. LTD.
Samakhusi-14, Tokha, Kathmandu, Nepal, Tel: 01 4982668, 4962338
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,
License No.: 333/059/60

**साउदीमा रोजगार** — कम्पनी : UNLIMITED COFFEE CAFE FOR DRINKS
पूर्व स्वीकृति मिति : २०८३/०१/२४ | LT. No. 341715 | चलानी नं. ६०२५५०३२

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 1 | 0 | 1200 | ४८,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १ गते (15th May 2026) मा हुनेछ ।
Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
Srijanshil Marg, Basundhara, Kathmandu, Nepal Tel: +977 1 4442794, Ramesh Khadka 9801006239, E-mail : alkausar.hrm@gmail.com

**युएइमा रोजगार** — कम्पनी : TECHNO ENGINEERING SERVICES P.V.T L.T.D.
पूर्व स्वीकृति मिति : २०८२/१०/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/२४ | LT. No. 338560 | चलानी नं. ६०२५२०६१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. |
|---|---|---|---|---|---|
| 1 | Carpenter | 5 | 0 | 1500 | ५९,०२० |
| 2 | Helper | 66 | 0 | 1000 | ३९,३५० |
| 3 | Mason | 3 | 0 | 1500 | ५९,०२० |
| 4 | Steel Fixer | 5 | 0 | 1500 | ५९,०२० |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १ गते (15th May 2026) मा हुनेछ ।
S.N. Recruiting Service Pvt Ltd
Nagarjun-2, Kathmandu, Nepal Tel: 014890823, 9803334884, E-mail : snrecruitingnepal@gmail.com
Govt. License 1284/074/75

**कतारमा रोजगार** — कम्पनी : SERENA CLEANING HOSPITALITY AND CONTRACTING W.L.L
पूर्व स्वीकृति मिति : २०८१/०९/08 | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/२४ | LT. No. 315640 | चलानी नं. ६०२३०११९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. |
|---|---|---|---|---|---|
| 1 | Representative | 1 | 0 | 2200 | ९१,७१५ |
| 2 | Finishing Carpenter | 1 | 0 | 1100 | ४५,८५५ |
| 3 | Building Worker | 2 | 0 | 1000 | ४१,६९० |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १ गते (15th May 2026) मा हुनेछ ।
Ganapati Overseas Pvt.Ltd.
Sinamangal -9 Kathmandu, Tel: 01-411082, 9808865846, 9843757032, Email: career.ganapati@gmail.com

**साउदीमा रोजगार** — कम्पनी : ABDULLAH ALI AL-SAQABI METAL INDUSTRIES FACTORY
पूर्व स्वीकृति मिति : २०८३/०१/२४ | LT. No. 341713 | चलानी नं. ६०२५५०५१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 5 | 0 | 1200 | ४८,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १ गते (15th May 2026) मा हुनेछ ।
Saudi Nepal Recruitment Agency Pvt.Ltd.
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal, Tel.+977-01-4720350, 4720849, 5908112, E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com

**साउदीमा रोजगार** — कम्पनी : MASSADR HUMAN RESOURCES SERVICES COMPANY.
पूर्व स्वीकृति मिति : २०८१/१२/१० | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/२४ | LT. No. 320767 | चलानी नं. ६०२३४९९५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 37 | 0 | 1800 | ७२,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १ गते (15th May 2026) मा हुनेछ ।
HYHIRE INTERNATIONAL PVT. LTD.
(EAST WEST OVERSEAS SERVICE PVT. LTD)
Sinamangal-9, Tinkune, Kathmandu, Bagmati, Tel: +977-01-4481308, 9841922190 Manju Waiba

**मलेसिया/कतारमा रोजगार** — कम्पनी : MUSANG VALLEY PLANTATION SDN BHD
पूर्व स्वीकृति मिति : २०८३/०१/२४ | LT. No. 341652 | चलानी नं. ६०२५४९९९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Labour | 70 | 0 | 1700 | ६६,०६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : GHARB HALAB TRADING AND SERVICES
पूर्व स्वीकृति मिति : २०८३/०१/२४ | LT. No. 341827 | चलानी नं. ६०२५५०५५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners Female | 0 | 10 | 1000 | ४१,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १ गते (15th May 2026) मा हुनेछ ।
RADIANT OVERSEAS PVT. LTD.
Kathmandu-09, Bhimsengola, Nepal, Contact: +97714117963,
E-mail : radiant.overseasktm@gmail.com, Web: radiantoverseas.com.np
Govt. License No. 1016/068/69

**साउदीमा रोजगार** — कम्पनी : VENUS ENERGY COMPANY
पूर्व स्वीकृति मिति : २०८३/०१/२३ | LT. No. 341547 | चलानी नं. ६०२५४९९१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 2 | 0 | 1000 | ६१,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : AYSEN MOBILE TRADING COMPANY
पूर्व स्वीकृति मिति : २०८३/०१/२० | LT. No. 341460 | चलानी नं. ६०२५४७४५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food & Beverage Controller | 1 | 0 | 1500 | ३९,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १ गते (15th May 2026) मा हुनेछ ।
OM OVERSEAS EMPLOYMENT PVT.LTD
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656(Santosh Bhatta),
+9779810259009 (Magaj Bogati), E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

# प्रभाव दैनिक


## रूपशाला

### 'भेनिस बिएनाले' मा ज्योतिको 'छ्याके'

नेपाली दृश्यकलाकार तथा फोटोग्राफर ज्योति श्रेष्ठ यसवर्ष आयोजना हुने ६१औँ अन्तर्राष्ट्रिय कला प्रदर्शनी 'ला बिएनाले दी भेनेजिया' मा आफ्नो 'छ्याके' कला परियोजना प्रदर्शनीका लागि छनोट भएकी छन् । विश्वकै प्रतिष्ठित समकालीन कला मञ्चमध्येको एकमा नेपाली उपस्थितिको निरन्तरताका रूपमा यसलाई महत्वपूर्ण उपलब्धि मानिएको छ । उनको कृति युरोपेली सांस्कृतिक केन्द्र (ईसीसी) ले आयोजना गर्ने आधिकारिक सहायक प्रदर्शनी 'पर्सनल स्ट्रक्चर्स' अन्तर्गत प्रस्तुत गरिनेछ । यो प्रदर्शनी आगामी ९ मेदेखि २२ नोभेम्बर २०२६ सम्म इटालीको भेनिसमा हुनेछ ।




शुक्रबार, २५ वैशाख २०८३ (Friday, 8 May 2026)


# एउटै स्टेजमा चार विजेता घोषणा




■ प्रभाव संवाददाता

**काठमाडौं–** एउटै स्टेजमा एकसाथ ४ विजेता छानिएका छन् । १५ औं 'लिटिल प्रिन्स एन्ड प्रिन्सेस इन्टरनेशनल २०२६'मा सिनियर र जुनियर केटा र केटी गरेर एकसाथ ४ विजेता छानिएका हुन् । प्रतियोगितामा जुनियर ब्वाइज निल वंशल, जुनियर गर्ल शिवाना पाण्डेले शीर्ष उपाधि जित्दा सिनियर ब्वाईजतर्फ आर्स'अंश भण्डारी र सिनियर गर्लमा आरिका उप्रेती विजेता घोषित भए ।

जमलस्थित राष्ट्रिय नाचघरमा हालै सम्पन्न प्रतियोगितामा जुनियर ब्वाइजतर्फ विश्व झा फस्ट रनरअप, नक्स सरावगी अग्रवाल सेकेन्ड रनरअप चुनिदा सेरोन थापा थड रनरअप र सौर्य रौनियार फोर्थ रनरअप भए । सिनियर ब्वाईतर्फ सुर्यान्स श्रेष्ठले फस्ट रनरअप, चिरन गोयल सेकेन्ड रनर अप, सम्वत संसार महर्जन थड रनरअप, सुशान्त राई फोर्थ रनरअप भए ।

त्यस्तै, प्रतियोगितामा सिनियर गर्ल तर्फ अनुस्का थापा फष्ट रनर अप, अमुल्य पन्त सेकेन्ड रनर अप, यादिमा राई थर्ड रनर अप र सुहाना घिमिरे फोर्थ रनर अप चुनिदा जुनयर गर्ल तर्फ आश्री आरएल कुवँर फष्ट रनर अप, सिवान्सी थापा सेकेन्ड रनरअप, अदिश्री आचार्य थर्ड रनर अप र सेजल पाण्डे फोर्थ रनर अप बन्न सफल भए ।

विभिन्न सांगीतिक तामझामसहित आयोजित कार्यक्रम बालबालिकाको प्रतिभा निखार्दै उनीहरूलाई भविष्य निर्माणमा सक्षम बनाउने उद्देश्यले आयोजना गरिएको आयोजक रेडियन्ट इभेन्ट म्यानेजमेन्ट एजेन्सीका प्रबन्ध निर्देशक, अन्तर्राष्ट्रिय मोडल तथा फेसन कोच राज फैजुले बताए ।

फैजु डेढ दशकदेखि गुणस्तरीय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगिता आयोजना गर्दै आएका छन् । जुनियरमा २५, सिनियरमा २० गरेर ४५ केटाकेटी प्रतियोगीताको फाइलनमा रहेका थिए ।

मुकुन भुषाल (अभिनेता), रेनुनाथ योगी (अभिनेत्री), राजेश घिमिरे (काठमाडौं वर्ल्ड स्कुल कोअडिटेटर), अमन हिताङ ( संस्थापक प्रिन्सिपल संकार गुरूकुल) , रोशनी शाही ठकुरी (बोर्ड अफ डिरेक्टर कोरोना स्कुल), आशिष थापा मगर (आएईभेन्ट म्यानेजमेन्ट निर्देशक), शिरिष आर तुलाधर (सिजी लर्निङ ब्राण्ड हेड) निर्णायक रहेको प्रतियोगतिामा ६ वर्षदेखि १३ वर्षसम्मका अध्ययनरत बालबालिकाको सहभागिता रहेको थियो । प्रतियोगीको कोरियोग्राफी अन्तर्राष्ट्रिय फेसन कोच राज फैजु आफैंले गरेका थिए भने ड्रेस डिजाइन श्रीषा बैदारले गरेकी थिइन् ।

काठमाडौं वर्ल्ड स्कुलको मुख्य प्रयोजक रहेको प्रतियोगीताका सबै विजेताले उपाधिको साथमा बिभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी अवसर प्राप्त गरेका छन् ।

# लालीबजार, मालती मंगले गुरूआमासहितका फिल्म हलमा







**काठमाडौं (प्रस)–** हलमा शुक्रबार ३ नेपालीसहित पाँच फिल्म रिलिज हुँदैछन् । कलिउडका मालती मंगले, लालीबजार र गुरुआमा एकसाथ प्रदर्शनमा आउनेछन् । त्यस्तै बलिउडको 'कृष्णावतरम पार्ट १' र हलिउडको 'मोर्टल कम्ब्याट पार्ट २' पनि नेपाली हलहरूमा रिलिज हुँदैछन् ।

प्रदर्शनको संघारमै रहेको अवस्थामा कानुनी झमेलामा परेको 'लालीबजार' अन्ततः अदालतको आदेशपछि प्रदर्शनको बाटो खुला भएपछि हलमा आउने निश्चित भएको हो । हलहरूले ५ फिल्मलाई विभिन्न सूचकअनुसार शो विभाजन गरेका छन् । जसमा, 'लालीबजार'ले १२० शोज, 'गुरुआमा'ले ७१ र 'मालती मंगले' ले १०३ शोज पाएका छन् । विशेषगरि, लालीबजार र मालतीमंगले दर्शकमाझ प्रतीक्षित र स्टारले भरिएका फिल्म हुन् । प्रतिस्पर्धा त हुने नै भयो, शोज विभाजन हेर्दा पनि यी दुई फिल्मलाई अरुभन्दा धेरै छ ।

स्वस्तिमा खड्का स्टारर 'लालीबजार' बादी समुदायकी एक महिलाले छोरीको प्रतिष्ठा र जीविकाको लागि गर्ने संघर्षको कथा भन्छ । कानुनी झमेलापछि 'मालती मंगले'सँगै एकैदिन हलमा आउन लागेको लालीबजारले केही दर्शक अवश्य तान्ने देखिएको छ ।

'मालती मंगले'मा विजय बराल, वर्षा राउत, जस्ता लोकप्रिय कलाकार छन् । लोकप्रिय गायक रामकृष्ण ढकाल निर्मित मालती मंगलेमा कमेडीयन मेक्सम गौडेल पनि महत्वपूर्ण भूमिकामा रहेको ट्रेलरले देखाएको छ ।

बुधबार प्रिमियर गरिएको 'मालती मंगले' हेर्नका लागि रास्वपा सभापति रवि लामिछाने पनि पुगेका थिए । त्यस्तै मदनकृष्ण श्रेष्ठलगायतका बरिष्ठ कलाकारहरूको साथ पाएको 'मालती मंगले'को बजार राम्रो रहेको अपेक्षा गरिएको छ । फिल्मको यो बाढीले शुक्रबारदेखि हल चलायमान हुने अपेक्षा गर्न सकिन्छ । अहिले प्रदर्शनरत फिल्म 'परालको आगो'ले बक्सअफिसमा उत्साहजनक कलेक्सन गरिरहेको छ ।

## रंगशाला

### पोखरा स्पोर्ट्स् अवार्ड

# अवार्डका लागि मनोनयनमा परेका १२ खेलाडीको नाम सार्वजनिक




■ प्रभाव संवाददाता

**कास्की–** नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले यही वैशाख ३१ गते पोखरामा आयोजना गर्न लागेको दसौं संस्करणको 'पोखरा स्पोर्टस् अवार्ड' अन्तर्गत चार विधामा मनोनयमा परेका १२ खेलाडीको नाम सार्वजनिक गरेको छ ।

मञ्चले पोखरामा बिहीबार पत्रकार सम्मेलन गरी वर्ष उत्कृष्ट खेलाडी पुरुष, वर्ष उत्कृष्ट खेलाडी महिला, उदीयमान खेलाडी र वर्ष उत्कृष्ट प्रशिक्षक गरी चार विधाअन्तर्गत मनोनयनमा परेका ती खेलाडीको नाम सार्वजनिक गरेको हो ।

'वर्ष उत्कृष्ट पुरुष खेलाडी'को मनोनयनमा जुडोका विज्ञान टी खत्री, टेनिसका प्रदीप खड्का र भलिबलका सन्जु विक्रम शाह परेका छन् । त्यसैगरी 'वर्ष उत्कृष्ट महिला खेलाडी' विधामा आर्चरीकी मोनिका रानामगर, एथलेटिक्सकी नारायणी भण्डारी र जुडोकी मनिषा तामाङ परेका छन् ।

'उदीयमान खेलाडी' तर्फ एथलेटिक्सकी अनुष्का अधिकारी, तेक्वान्दोका सचिन सुनार र ब्याडमिन्टनकी निभा राई मनोनयनमा परे भने 'वर्ष उत्कृष्ट प्रशिक्षक'को सूचीमा टेनिसका कुमार अधिकारी, तेक्वान्दोकी रेखमाया गुरुङ र एथलेटिक्सका सिद्धान्त अधिकारी परेका छन् ।

हिमश्री फुड्स प्रालिका प्रबन्ध निर्देशक प्रकाश केसीले मनोनयनमा परेकाहरूको नामावली सार्वजनिक गरेका हुन् । मञ्चका अध्यक्ष एमबी आस्था मगरले विगत एक वर्ष अवधिमा खेलाडी तथा प्रशिक्षकले गरेको प्रदर्शनका आधारमा उत्कृष्टभित्र पर्नेको नाम सार्वजनिक गरिएको बताउनुभयो । यसैगरी मञ्चले 'वर्ष उत्कृष्ट खेल सङ्घ'का रूपमा कास्की जिल्ला क्रिकेट सङ्घ र 'वर्ष उत्कृष्ट खेल पत्रकार'का रूपमा दीननाथ बराललाई छनोट गरिसकेको छ ।

यस वर्ष कुल नौ विधामा अवार्ड प्रदान गरिने जनाइएको छ । जसमा लाइफ टाइम एचिभमेन्ट, स्पेसल अवार्ड र पिपुल्स च्वाइस अवार्ड समेत छन् । पिपुल्स च्वाइस अवार्डका लागि क्रिकेटका विपिन खत्री, फुटबलका दीप कार्की, एथलेटिक्सकी नारायणी भण्डारी, भलिबलका राजन दर्लामी र मुवाथाई/आइटिएफ तेक्वान्दोकी सुस्मिता थापा रहेका छन् । मञ्चले गण्डकी प्रदेशका खेलकुद क्षेत्रका उत्कृष्ट प्रतिभालाई सम्मान गर्ने उद्देश्यसहित आयोजना हुँदै आएको अवार्डलाई निरन्तरता दिएको हो ।

मञ्चले खेलाडीहरूको मनोबल उच्च राख्न र खेलकुद क्षेत्रको समग्र विकासमा टेवा पुऱ्याउन अवार्ड कार्यक्रमलाई निरन्तरता दिएको जनाएको छ । वर्ष उत्कृष्ट खेलाडी महिला र पुरुषले एक/एक थान स्कुटर पुरस्कारस्वरूप प्राप्त गर्नेछन् ।

'पोखरा स्पोर्टस् अवार्ड गण्डकी प्रदेशकै ब्राण्ड बनेको छ । खेलकुद क्षेत्रको विकासमा योगदान गर्नेहरूलाई अझ बढी उत्प्रेरित र प्रोत्साहित गर्नका लागि कार्यक्रमले योगदान पुग्नेछ', मञ्चका अध्यक्ष मगरले भने ।

विगत एक वर्षभरिको प्रदर्शनका आधारमा मनोनयनमा परेका खेलाडीहरूबीच 'पिपल्स च्वाइस अवार्ड' का लागि प्रतिस्पर्धा हुने आयोजकले जनाएको छ । मञ्चका अनुसार यसको विजेता अनलाइन भोटिङ मार्फत घोषणा गरिनेछ । जसका लागि खल्ती एपमार्फत देश तथा विदेशमा रहेकाहरूले भोट गर्न पाउने मञ्चका महासचिव प्रशुराम शर्माले जानकारी दिए । विसं २०५७ मा कास्कीमा स्थापना भई हाल गण्डकी प्रदेशस्तरमा विस्तार भएको नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले विसं २०७२ देखि नियमित रूपमा स्पोर्टस् अवार्ड आयोजना गर्दै आएको छ ।

# नेपाल 'ए'द्वारा स्कटल्याण्ड पराजित

■ प्रभाव संवाददाता

**काठमाडौं–** बिहीबारदेखि सुरुआत भएको त्रिकोणात्मक एकदिवसीय अभ्यास खेलअन्तर्गत स्कटल्याण्डविरुद्धको खेलमा नेपाल 'ए' विजयी भएको छ ।

माथिल्लो मुलपानी क्रिकेट मैदानमा भएको खेलमा नेपाल 'ए'ले स्कटल्याण्डलाई ४५ रनले पराजित गर्दै जित हासिल गरेको हो । नेपाल 'ए' ले दिएको २७८ रनको लक्ष्य पछ्याएको स्कटल्याण्ड ४८.२ ओभरमा सबै विकेट गुमाउँदै २३२ रनमा समेटियो ।

स्कटल्याण्डका लागि ओपनर फिन्ले म्याक्राथले सर्वाधिक ५२ रनको योगदान दिए । उनले ७३ बलमा ६ चौका र १ छक्काको सहयोगमा सर्वाधिक ५२ रनको अर्धशतकीय इनिङ खेले ।

त्यस्तै, ज्याक जार्भिसले ४५ रन जोड्दा मार्क वाट ३७, ब्रण्डन म्याकमुलन २१, म्याथु क्रस २२ तथा ओलिभर डेभिडसन १७ रनमा आउट भए । नेपाल 'ए' का लागि रशिद खानले ३ विकेट लिँदा शाहब आलम, युवराज खत्री र बसिर अहमदले समान २/२ विकेट लिए । त्यसमाथि टस जितेर पहिले ब्याटिङ गरेको नेपाल 'ए' ले निर्धारित ५० ओभरमा ८ विकेट गुमाएर २७७ रनको योगफल बनाएको थियो ।

नेपाल 'ए' का लागि देव खनालले सर्वाधिक ६३ रनको योगदान दिए । उनले ६५ बलमा ६ चौका र १ छक्काको सहयोगमा सर्वाधिक ६३ रनको बनाएका हुन् । त्यस्तै, ओपनर मयन यादवले ४५ रन बनाउँदा कप्तान अनिलकुमार साहले १८ रन जोडे । सन्दीप जोरा ३४, पवन सर्राफ ३१ तथा नारायण जोशी ८ रन बनाउँदै आउट भए । दीपक डुम्रेले अविजित २३ रन बनाए ।

स्कटल्याण्डका लागि ब्राण्डलि करी र सफियान सरिफले समान २/२ विकेट लिए भने ओलिभर डेविडसन, ब्राण्डन म्याकमुलन, ज्याक जार्भिस र मार्क वाटले समान १/१ विकेट लिए । अब नेपाल ए ले आफनो दोस्रो अभ्यास खेल शुक्रबार अमेरिकासँग खेल्नेछ ।


**कतारमा रोजगार** कम्पनी : MOHAMMED BIN ABDULLAH CONTRUCATION AND MAINTENANCE GROUP

पूर्व स्वीकृति मिति : २०८३/०१/२४ LT. No. 341733 चलानी नं. ६०२५५०५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Carpenter | 2 | 0 | 1200 | ५०,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Asst. Pipe Fitter/helpers | 2 | 0 | 1200 | ५०,०२५ | | | | | | | |
| 3 | Driver All Vehicles | 4 | 0 | 2200 | ९१,७१५ | | | | | | | |
| 4 | Dry Cleaning Labor | 2 | 0 | 1100 | ४५,८५५ | | | | | | | |
| 5 | Foreman | 3 | 0 | 2600 | १०८,३९० | | | | | | | |
| 6 | Plumber | 2 | 0 | 1200 | ५०,०२५ | | | | | | | |
| 7 | Scaffolding Labor | 1 | 0 | 1200 | ५०,०२५ | | | | | | | |
| 8 | Stone Mason Assistant | 2 | 0 | 1200 | ५०,०२५ | | | | | | | |
| 9 | Stone Setting Workers | 2 | 0 | 1500 | ६२,५३० | | | | | | | |
| 10 | Supervisor | 5 | 0 | 3000 | १२५,०६५ | | | | | | | |
| 11 | Welder | 3 | 0 | 1200 | ५०,०२५ | | | | | | | |
| 12 | Welder/assistant Welder | 2 | 0 | 1200 | ५०,०२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ १ गते (15th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SAMPAANATA OVERSEAS PVT. LTD.
Kathmandu, Nepal. Tel: 01-5913054, Email: infosampaanta@gmail.com, info@sampaanataoverseas.com Web: www.sampaanataoverseas.com
Govt. License 1579/079/080

**मलेसियामा रोजगार** कम्पनी : HOCK BOON FARMING

पूर्व स्वीकृति मिति : २०८३/०१/२४ LT. No. 341674 चलानी नं. ६०२५५०२२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Labour | 18 | 0 | 1700 | ६६,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : YI JIAN XIAO MIAN RESTAURANT

पूर्व स्वीकृति मिति : २०८३/०१/२४ LT. No. 341675 चलानी नं. ६०२५५०२३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew/Male | 8 | 0 | 1700 | ६६,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : YI JIAN XIAO MIAN RESTAURANT

पूर्व स्वीकृति मिति : २०८२/१२/०८ LT. No. 341676 चलानी नं. ६०२५५०२४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 10 | 0 | 1700 | ६६,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ १ गते (15th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११९७/०७३/०७४
SWIFT H.R. SOLUTION PVT. LTD.
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com

**मलेसियामा रोजगार** कम्पनी : PROFESSIONAL RHYTHM SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८३/०१/२४ LT. No. 341655 चलानी नं. ६०२५४९९८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General / Production Operator | 1 | 0 | 1700 | ६६,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : OLYMPIC RETREADS SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०१/२४ LT. No. 341657 चलानी नं. ६०२५५००१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General / Production Operator | 2 | 0 | 1700 | ६६,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : ACE MECHANICAL TECHNOLOGY MALAYSIA SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८३/०१/२४ LT. No. 341656 चलानी नं. ६०२५५०००

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General / Production Operator | 25 | 0 | 1700 | ६६,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : BLUE PLANET INDUSTRIAL WASTE SOLUTIONS SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८३/०१/२३ LT. No. 341614 चलानी नं. ६०२५५००२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General / Production Operator | 6 | 0 | 1700 | ६६,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ १ गते (15th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १४५५/०७४/०७५
B.GAS FOREIGN EMPLOYMENT PVT. LTD.
Dhapasi-9, Basundhara Tole, Kathmanadu,Tel: +997-1-4356889,
Email id : admin@topsglobal.com., sanconresources@yahoo.com



उत्तरी गाजा पट्टीको जबालियाको पश्चिममा रहेको अल-तुम क्षेत्रमा विस्थापित बालबालिकाहरूलाई वितरण गर्न खानाका प्लेटहरू तयार गर्दै प्यालेस्टिनी महिला अया जैद । *तस्बिरः एपी*

# साउदीको असहमतिपछि रोकियो ट्रम्पको नौसैनिक योजना



**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हर्मुज जलघाँटी हुँदै आवतजावत गर्ने व्यावसायिक जहाजलाई सुरक्षा एस्कोर्ट उपलब्ध गराउने महत्त्वाकांक्षी नौसैनिक योजना अचानक स्थगित गरेका छन् । साउदी अरेबियाले अमेरिकी सैन्य विमानलाई आफ्नो हवाई क्षेत्र प्रयोग गर्न तथा प्रिन्स सुल्तान एयरबेस सञ्चालनमा ल्याउन अनुमति दिन अस्वीकार गरेपछि उक्त योजना रोकिएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन् ।

अमेरिकी अधिकारीहरूलाई उद्धृत गर्दै एनबिसी न्युजले जनाएअनुसार ट्रम्प प्रशासनको 'प्रोजेक्ट फ्रिडम' नामक सैन्य योजना खाडी क्षेत्रका प्रमुख साझेदार मुलुकहरूलाई पूर्वतयारीविना सार्वजनिक गरिएको थियो । यसले विशेषगरी साउदी अरेबिया र अन्य खाडी राष्ट्रहरूलाई असहज बनाएको बताइएको छ ।

प्रतिवेदनअनुसार राष्ट्रपति ट्रम्पले साउदी युवराज मोहम्मद बिन सलमानसँग प्रत्यक्ष टेलिफोन संवाद गरी सहयोगका लागि प्रयास गरेको थियो । तर रियादले अमेरिकी सैन्य विमानलाई आफ्नो भूभाग तथा हवाई मार्ग प्रयोग गर्न अनुमति दिन अस्वीकार गरेपछि अपरेसन तत्कालका लागि रोक्नुपरेको हो ।

एनबिसी न्युजसँग कुरा गर्ने एक साउदी स्रोतले योजनाको प्रकृतिप्रति असन्तुष्टि व्यक्त गर्दै 'यस्तो प्रकारका सैन्य गतिविधिमा वास्तविक समयमै परिस्थिति तीव्ररूपमा बदलिन्छ' भनेको थियो । स्रोतले साउदी अरेबिया प्रत्यक्ष सैन्य तनावभन्दा पनि कूटनीतिक समाधानको पक्षमा रहेको स्पष्ट पारेको छ ।

उक्त स्रोतका अनुसार रियादले अमेरिका र इरानबीच सम्भावित समझदारी कायम गराउने उद्देश्यले पाकिस्तानले नेतृत्व गरिरहेको कूटनीतिक पहललाई सकारात्मकरूपमा समर्थन गरिरहेको छ । खाडी क्षेत्रमा बढ्दो अस्थिरताकाबीच साउदी अरेबियाले प्रत्यक्ष सैन्य संलग्नताबाट दूरी कायम राख्न खोजेको संकेत यस घटनाले दिएको विश्लेषकहरूले बताएका छन् ।

यता ह्वाइट हाउसका एक अधिकारीले भने अमेरिकी प्रशासनले 'क्षेत्रीय सहयोगी राष्ट्रहरूलाई अपरेसनबारे अग्रिम जानकारी गराइएको' दाबी गरेका छन् । तर समाचारमा उद्धृत एक पश्चिम एसियाली कूटनीतिज्ञले अमेरिका स्वयंले योजना सार्वजनिक गरिसकेपछिमात्रै ओमानलगायत सम्बन्धित पक्षसँग समन्वय थालेको बताए ।

कूटनीतिज्ञका अनुसार 'पहिले घोषणा गर्ने र त्यसपछि समन्वय खोज्ने शैली'ले क्षेत्रीय साझेदारहरूलाई असहज बनाएको थियो । यद्यपि उनले यसबाट कुनै औपचारिक विवाद वा आक्रोश सिर्जना नभएको पनि उल्लेख गरेका छन् ।

यसबीच, ट्रम्पले 'प्रोजेक्ट फ्रिडम' अस्थायीरूपमा रोकिएको घोषणा गरेको भोलिपल्ट इरानले हर्मुज जलघाँटी क्षेत्रमा सञ्चालित व्यावसायिक जहाजलाई आवश्यक सम्पूर्ण सहायता दिन आफू तयार रहेको घोषणा गरेको छ । इरानको बन्दरगाह तथा समुद्री संगठनले बिहीबार जारी गरेको विज्ञप्तिमा समुद्री सुरक्षा, प्राविधिक सहयोग, स्वास्थ्य सेवा तथा इन्धन आपूर्ति उपलब्ध गराउन सम्पूर्ण संरचना सक्रिय पारिएको जनाएको छ । इरानको सरकारी समाचार संस्था आइआरएनएका अनुसार यो सूचना समुद्री सञ्चार प्रणालीमार्फत क्षेत्रका सबै जहाजहरूलाई औपचारिकरूपमा पठाइएको छ ।

इरानी समुद्री प्राधिकरणले जहाजहरूको समुद्री योग्यता सुधार गर्ने, चालक दलको सुरक्षा सुनिश्चित गर्ने तथा आपत्कालीन अवस्थामा तत्काल सहयोग उपलब्ध गराउने उद्देश्यले यस्तो कदम चालिएको जनाएको छ । विज्ञप्तिअनुसार आवश्यक परे जहाज मर्मतसम्बन्धी सामग्रीसमेत उपलब्ध गराइने छ ।

इरानले विशेषगरी आफ्नो क्षेत्रीय पानी तथा लंगर क्षेत्रमा सञ्चालन गरिरहेका जहाजलाई लक्षित गर्दै नजिकका बन्दरगाहस्थित 'भेसल ट्राफिक सर्भिस' केन्द्र वा भिएचएफ च्यानल १६ मार्फत सम्पर्क गर्न आग्रह गरेको छ ।

इरानी बन्दरगाह तथा समुद्री संगठनले यो पहललाई विश्वकै सबैभन्दा संवेदनशील र रणनीतिक समुद्री मार्गमध्ये एकमा 'सुरक्षित र दिगो समुद्री यातायात कायम राख्ने राष्ट्रिय जिम्मेवारी'का रूपमा व्याख्या गरेको छ । संगठनका अनुसार उक्त सूचना लगातार तीन दिनसम्म दिनमा तीनपटक समुद्री सञ्चार प्रणालीमार्फत प्रसारण गरिने छ ।

खाडी क्षेत्रमा पछिल्ला महिनाहरूमा अमेरिका-इरान तनाव बढिरहेका बेला हर्मुज जलघाँटी फेरि अन्तर्राष्ट्रिय रणनीतिक केन्द्रबिन्दु बनेको छ । विश्वको ठूलो मात्रामा तेल आपूर्ति यही समुद्री मार्गबाट हुने भएकाले यहाँको कुनै पनि सैन्य गतिविधिले अन्तर्राष्ट्रिय ऊर्जा बजारमा प्रत्यक्ष असर पार्ने गर्छ ।

राष्ट्रपति ट्रम्पले मंगलबार ट्रुथ सोसलमार्फत 'प्रोजेक्ट फ्रिडम' रोकिएको जानकारी दिँदै पाकिस्तानको आग्रहपछि यो निर्णय गरिएको उल्लेख गरेको थियो । उनले अमेरिका र इरानबीच सम्भावित समझदारीतर्फ प्रगति भइरहेको दाबी गर्दै तत्कालका लागि तनाव कम गर्ने उद्देश्यले विराम दिइएको बताएका थिए । ट्रम्पले इरानविरुद्धको रणनीतिक अभियानमा अमेरिका 'महत्त्वपूर्ण सैन्य लाभ' को अवस्थामा पुगेको दाबी पनि गरेको थियो । साथै तेहरान र वासिङ्टनबीच अन्तिम सहमति सम्भव छ कि छैन भन्ने परीक्षणका लागि यो विराम आवश्यक रहेको उनको भनाइ थियो ।

विश्लेषकहरूका अनुसार साउदी अरेबियाको असहमतिले अमेरिकाको क्षेत्रीय सैन्य रणनीतिमा चुनौती थपिएको छ भने पाकिस्तान र ओमानजस्ता मुलुकको कूटनीतिक सक्रियता अहिलेको तनाव व्यवस्थापनमा महत्त्वपूर्ण बन्दै गएको देखिएको छ । *रासस/एएनआई*

# मार्सल ल प्रकरणमा पूर्वप्रधानमन्त्रीको सजाय घट्यो



**सियोल–** दक्षिण कोरियामा पूर्वराष्ट्रपति युन सुक योलले लागू गरेको विवादास्पद मार्सल ल प्रकरणसँग सम्बन्धित मुद्दामा पूर्वप्रधानमन्त्री हान डक-सूमाथि सुनाइएको जेल सजाय उच्च अदालतले घटाएको छ । अदालतले विद्रोहमा संलग्न भएको आरोपलाई भने यथावत् कायम राख्दै उनको कैद सजाय २३ वर्षबाट घटाएर १५ वर्ष पुर्‍याएको हो ।

सियोल उच्च अदालतले बिहीबार सुनाएको फैसलामा हानले तत्कालीन राष्ट्रपति युनका अवैध कदमलाई वैधानिकता दिन सक्रिय भूमिका खेलेको निष्कर्ष निकालिएको छ । अदालतका अनुसार मन्त्रिपरिषद् बैठकमार्फत मार्सल ल अनुमोदन गराउने प्रक्रिया अघि बढाउनु तथा प्रमुख सञ्चार संस्थाहरूको पानी र बिजुली काट्ने योजनामाथि छलफल गर्नु राज्यविरुद्धको असंवैधानिक कदमलाई संस्थागत रूप दिन गरिएको प्रयास थियो ।

अदालतले हानमाथि लगाइएका अन्य आरोपहरू पनि पुष्टि गरेको छ । मार्सल ल घोषणासम्बन्धी दस्तावेज झूठो बनाएको, प्रमाण नष्ट गरेको तथा अदालतमा शपथपूर्वक झूट बोलेको आरोपमा उनी दोषी ठहर भएका छन् ।

सियोल उच्च अदालतले आफ्नो फैसलामा हानको भूमिका अत्यन्त गम्भीर रहेको उल्लेख गरेको छ । अदालतले युन प्रशासनमा दोस्रो वरीयताका अधिकारी रहेका हानले आफ्नो संवैधानिक जिम्मेवारी पूरा गर्नुको सट्टा विद्रोहमा सहभागिता जनाएको टिप्पणी गरेको छ । अदालतले 'राष्ट्रप्रति भएको जिम्मेवारी त्यागेर असंवैधानिक कदमलाई सहयोग गर्नु गम्भीर अपराध' भएको जनाएको छ ।

यसअघि जनवरीमा सियोलको एक जिल्ला अदालतले हानलाई २३ वर्ष जेल सजाय सुनाएको थियो । त्यसको एक महिनापछि तत्कालीन राष्ट्रपति युन सुक योललाई पनि विद्रोहको आरोपमा आजीवन कारावासको सजाय सुनाइएको थियो । युनद्वारा नियुक्त प्रधानमन्त्री हानमाथि युनको सत्ता टिकाउन असंवैधानिक कदममा सहकार्य गरेको आरोप लागेको थियो ।

फौजदारी कानुन विशेषज्ञ अधिवक्ता पार्क सुंगबेले जिल्ला अदालत र उच्च अदालत दुवैले हानको अपराधलाई गम्भीररूपमा लिएको बताए । उनका अनुसार उच्च अदालतले सजाय घटाए पनि हानको भूमिका सामान्य नभएको निष्कर्षमा पुगेको देखिन्छ ।

पार्कले हानको सजाय निर्धारण गर्दा मार्सल ल प्रकरणमा संलग्न अन्य अधिकारीसँग तुलना गरिएको बताए । विशेषगरी तत्कालीन गृहमन्त्री ली साङ-मिनलाई सात वर्ष जेल सजाय सुनाइएको अवस्थालाई ध्यानमा राख्दै हानका लागि १५ वर्षको सजाय उपयुक्त ठहर गरिएको उनको भनाइ छ ।

विशेष अभियोजकले भने सुरुदेखि नै हानका लागि १५ वर्ष जेल सजाय माग गरेका थिए । तर जिल्ला अदालतले अपेक्षाभन्दा कडा फैसला सुनाउँदै २३ वर्षको सजाय दिएको थियो । कानुनी विश्लेषकहरूका अनुसार त्यो सजाय कठोर भए पनि अपराधको प्रकृतिअनुसार असामान्य भने थिएन ।

अब हान र सरकारी अभियोजन पक्ष दुवैलाई बिहीबारको फैसलाविरुद्ध दक्षिण कोरियाको सर्वोच्च अदालतमा पुनरावेदन गर्न सात दिनको समय दिइएको छ । ७६ वर्षीय हान दक्षिण कोरियाका अनुभवी प्रशासनिक अधिकारी मानिन्छन् । चार दशकभन्दा लामो सार्वजनिक सेवामा उनले दुईपटक प्रधानमन्त्रीको जिम्मेवारी सम्हालेका थिए । पहिलोपटक सन् २००७ देखि २००८ सम्म तत्कालीन उदारवादी राष्ट्रपति रोह मो-ह्युनको नेतृत्वमा र पछि कन्जरभेटिभ राष्ट्रपति युन सुक योलको कार्यकालमा उनी प्रधानमन्त्री बनेका थिए ।

युन सुक योलमाथि महाभियोग लागेपछि कार्यवाहक नेतृत्व सम्हाल्ने तीन वरिष्ठ अधिकारीमध्ये हान पनि एक थिए । युनले डिसेम्बर २०२४ मा मार्सल ल घोषणा गरेपछि देशभर व्यापक राजनीतिक संकट उत्पन्न भएको थियो । संसद्ले त्यसको विरोध गर्दै युनलाई निलम्बन गरेको थियो ।

पछि दक्षिण कोरियाको संवैधानिक अदालतले गत वर्ष अप्रिलमा युनलाई स्थायीरूपमा पदमुक्त गर्ने फैसला सुनाएको थियो । त्यसपछि भएको आकस्मिक निर्वाचनमा उदारवादी नेता ली जे-म्युङ विजयी भई राष्ट्रपतिको पदमा पुगेका थिए ।

मार्सल ल प्रकरणपछि दक्षिण कोरियाको राजनीति गहिरो ध्रुवीकरणमा पुगेको छ । पूर्वराष्ट्रपति युन र उनका निकट सहयोगीमाथि चलेका मुद्दालाई आधुनिक दक्षिण कोरियाली इतिहासकै सबैभन्दा ठूलो संवैधानिक संकटमध्ये एक मानिएको छ । *रासस/एपी*

# पाकिस्तानविरुद्ध भारतको कडा सन्देश



**नयाँदिल्ली–** भारत र पाकिस्तानबीच गत वर्ष भएको भीषण सैन्य तनावको एक वर्ष पूरा भएको अवसरमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आतंकवाद र त्यसलाई संरक्षण गर्ने सम्पूर्ण संरचनाविरुद्ध भारतको अभियान अझै कठोर रूपमा जारी रहने बताएका छन् । उनले भारत आफ्नो सुरक्षासम्बन्धी नीतिमा 'पहिलेजस्तै अडिग' रहेको स्पष्ट पार्दै पहलगाम आक्रमणका दोषीलाई जवाफ दिइएको दाबी गरेका छन् ।

गत वर्ष अप्रिल २२ मा भारत प्रशासित काश्मीरको पर्यटकीय क्षेत्र पहलगाममा भएको घातक आक्रमणपछि दुई आणविक शक्तिसम्पन्न छिमेकी मुलुकबीच सम्बन्ध तीव्ररूपमा बिग्रिएको थियो । उक्त घटनामा २६ जनाको मृत्यु भएको थियो, जसमध्ये अधिकांश हिन्दू पर्यटक थिए । भारतले आक्रमणमा पाकिस्तान समर्थित समूहको संलग्नता रहेको आरोप लगाएको थियो, तर इस्लामाबादले त्यसलाई अस्वीकार गरेको थियो ।

त्यस घटनापछि नयाँदिल्ली र इस्लामाबादबीच कूटनीतिक तनावका साथै प्रत्यक्ष सैन्य टकरावसमेत बढेको थियो । भारतले मे ७, २०२५ मा पाकिस्तानभित्र रहेका 'आतंकवादी शिविर' माथि लक्षित सैन्य कारबाही गरेको घोषणा गरेपछि अवस्था अझ विष्फोटक बनेको थियो । त्यसपछि दुवै देशबीच हवाई आक्रमण, ड्रोन आक्रमण तथा सीमावर्ती क्षेत्रमा भारी मोर्टार प्रहार भएका थिए ।

भारतीय सेनाले सञ्चालन गरेको उक्त कारबाहीलाई 'अपरेसन सिन्दूर' नाम दिइएको थियो । बिहीबार सो अभियानको एक वर्ष पुगेको अवसरमा प्रधानमन्त्री मोदीले जारी गरेको वक्तव्यमा भारत आतंकवादविरुद्धको संघर्षबाट पछि नहट्ने बताएका हुन् ।

उनले 'आतंकवादलाई परास्त गर्ने र त्यसलाई सहयोग गर्ने सम्पूर्ण इकोसिस्टम ध्वस्त पार्ने हाम्रो संकल्प अझै दृढ छ' भने । मोदीले पहलगाममा मारिएका निर्दोष नागरिकको स्मरण गर्दै आक्रमणकारीलाई 'उचित जवाफ' दिइएको उल्लेख गरे ।

मोदी सरकारले 'सिन्दूर' शब्दलाई विशेष प्रतीकका रूपमा प्रयोग गरेको थियो । हिन्दू महिलाले विवाहपछि कपालमा लगाउने रातो रङको सिन्दूरलाई सरकारले पहलगाम आक्रमणमा श्रीमान् गुमाएका महिलाहरूको पीडासँग जोड्दै प्रतिशोध र राष्ट्रिय भावनाको प्रतीक बनाएको थियो । प्रधानमन्त्री मोदीले भारतीय सेनाको प्रशंसा गर्दै राष्ट्रले सैनिकहरूको 'साहस र वीरता' लाई सम्मान गर्ने बताए । उनले देशको सुरक्षामा कुनै सम्झौता नगर्ने प्रतिबद्धता दोहोर्‍याए ।

गत वर्षको चारदिने सैन्य तनावमा दुवै पक्षका ७० भन्दा बढी मानिस मारिएका थिए । पाकिस्तानले त्यस समयमा भारतीय वायुसेनाका पाँच लडाकू विमान खसालेको दाबी गरेको थियो । तीमध्ये तीनवटा अत्याधुनिक फ्रान्सेली राफेल विमान रहेको इस्लामाबादको भनाइ थियो । भारतले भने आफ्ना विमान क्षतिग्रस्त भएकोबारे कुनै औपचारिक पुष्टि गरेको छैन ।

दुवै देशबीच बढ्दो सैन्य तनाव अन्ततः मे १० मा युद्धविराममा पुगेर रोकिएको थियो । उक्त युद्धविरामबारे सबैभन्दा पहिले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो 'ट्रुथ सोसल' नेटवर्कमार्फत घोषणा गरेको थियो । त्यसको केही समयपछि भारत र पाकिस्तान दुवैले युद्धविरामको पुष्टि गरेका थिए ।

यद्यपि भारतले त्यसयता युद्धविराम अमेरिकाको मध्यस्थतामा नभई इस्लामाबादसँग प्रत्यक्ष संवादमार्फत भएको दाबी गर्दै आएको छ । नयादिल्लीले काश्मीर र सुरक्षासम्बन्धी विषयलाई दुई देशबीचको द्विपक्षीय मुद्दाका रूपमामात्रै हेर्नुपर्ने अडान दोहोर्‍याउँदै आएको छ ।

एक वर्षपछि पनि भारत-पाकिस्तान सम्बन्ध सामान्य बन्न सकेको छैन । सीमापार आतंकवाद, काश्मीर विवाद र सैन्य अविश्वासका कारण दुवै देशबीच तनाव कायम रहेको विश्लेषकहरूको भनाइ छ । मोदीको पछिल्लो वक्तव्यले भारतले सुरक्षा र आतंकवादको मुद्दामा आफ्नो कठोर नीति परिवर्तन नगर्ने स्पष्ट संकेत दिएको मानिएको छ । *रासस/एएफपी*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोहरुखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहिरुत दाहरूाल) - फोन नं.४०१६३१८, महरूाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिरूमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal-पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax¿ Communication-Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हरूल हरूसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर, कलंकी चोक, फोन नं.९८४१०२१५२३, ९८५१०८८६७७, ९८१०१२३१३१, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हरूलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं, सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९८६०० | प्रति तोला – ० | प्रति तोला – ५१५५ |



**बजार पठाउने तयारीमा** | काठमाडौँको मनमैजुमा सरस्वती अधिकारीले घरैमा सञ्चालन गरेको 'माइ पिकल हाउस अचार उद्योग'मा बिक्रीका लागि बनाइएका अचार बजार पठाउन व्यवस्थापन गर्दै अचार उद्यमी सरस्वती । *तस्बिर : हरिराम भेटुवाल/रासस*

# नवनिर्वाचित अध्यक्ष श्रेष्ठले सम्हाले पदभार

## महासंघको '६ स्तम्भ, ६० पहल' सार्वजनिक

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** नेपाल उद्योग वाणिज्य महासंघको नवनिर्वाचित कार्यसमितिले कार्यभार सम्हालेको छ । महासंघको वरिष्ठ उपाध्यक्ष स्वतः अध्यक्ष हुने विधानअनुसार अञ्जन श्रेष्ठ उक्त संस्थाको नेतृत्वमा पुगेका हुन् ।

अध्यक्ष श्रेष्ठसँगै निर्वाचित पदाधिकारीले कार्यभार सम्हालेका हुन् । निजी क्षेत्रको मनोबल बढाउने वातावरण निर्माण गर्न सरकारसँग निरन्तर संवाद र सहकार्य गर्ने पदबहालीपछि अध्यक्ष श्रेष्ठले बताए ।

अध्यक्ष श्रेष्ठलाई निवर्तमान अध्यक्ष चन्द्रप्रसाद ढकालले महासंघमा बिहीबार आयोजित एक कार्यक्रममा पद हस्तान्तरण गरेका हुन् । त्यसअघि नवनिर्वाचित पदाधिकारीहरूले सपथ ग्रहण गरेका थिए ।

### '६ स्तम्भ, ६० पहल' कार्ययोजना सार्वजनिक

महासंघले 'छ स्तम्भ, साठी पहल' शीर्षकको रणनीतिक कार्यक्रम तथा कार्ययोजना सार्वजनिक गरेको छ । महासंघको ६०औं वार्षिक साधारणसभाबाट निर्वाचित २१औं अध्यक्ष श्रेष्ठको पद बहालीसँगै उक्त कार्यक्रम चरणबद्ध रूपमा कार्यान्वयनमा लैजाने निर्णय गरिएको महासंघले जनाएको छ ।

महासंघले निजी क्षेत्रको दीर्घकालीन हित, लगानीमैत्री वातावरण निर्माण तथा संस्थागत सुदृढीकरणलाई प्राथमिकतामा राखेर कार्यक्रम तयार गरिएको जनाएको छ । 'छ स्तम्भ, साठी पहल' कार्यक्रममार्फत निजी क्षेत्रको साझा आवाजलाई थप प्रभावकारी, विश्वसनीय र परिणाममुखी बनाउने लक्ष्य राखिएको छ ।

अध्यक्ष श्रेष्ठका अनुसार कार्यक्रमअन्तर्गत प्रत्येक स्तम्भमा कार्यान्वयनयोग्य पहल, समय सीमा, जिम्मेवारी निर्धारण तथा अपेक्षित उपलब्धिसहितको विस्तृत कार्ययोजना तयार गरिएको छ । उनले महासंघको सेवा प्रवाह सुदृढीकरण, डिजिटल प्रणाली विकास, नीति पैरवीको प्रभावकारिता वृद्धि, संघीय संरचनाअनुसार सदस्य संस्थासँग समन्वय, युवा उद्यमशीलता तथा नवप्रवर्तन प्रवर्द्धन, अन्तरराष्ट्रिय व्यापार विस्तार तथा आर्थिक कूटनीतिक सम्बन्ध मजबुत बनाउने बताए ।

महासंघले पहिलो स्तम्भअन्तर्गत सदस्यलाई प्रदान गरिने सेवा विस्तार तथा सञ्जाल सुदृढीकरणमा जोड दिएको छ । दोस्रो स्तम्भमा आर्थिक सुधार तथा सुशासनलाई प्राथमिकता दिएको छ । महासंघले सार्वजनिक नीति, अर्थतन्त्र, व्यापार तथा कानुन अनुसन्धान शाखा स्थापना गर्ने, कानुन डेस्क सञ्चालन गर्ने तथा बजेट र मौद्रिक नीतिमा निजी क्षेत्र केन्द्रित सुझावपत्र तयार गर्ने जनाएको छ ।

तेस्रो स्तम्भमा प्रतिस्पर्धात्मकता वृद्धि तथा औद्योगिक विस्तारमा केन्द्रित कार्यक्रम राखिएको छ । चौथो स्तम्भअन्तर्गत विकास साझेदारी, सीप विकास, महिला उद्यमशीलता, प्रवासी नेपालीको लगानी सहजीकरण तथा हरित वित्त र दिगो विकास लक्ष्यअनुरूप निजी क्षेत्र कार्यक्रम अघि बढाइने महासंघले जनाएको छ ।

पाँचौं स्तम्भमा श्रम, सीप तथा उत्पादकत्व सुधारका कार्यक्रम समावेश छन् । छैटौं स्तम्भमा निजी क्षेत्रको संरक्षण तथा प्रवर्द्धनलाई केन्द्रमा राखिएको छ ।

# भारत हुँदै नेपाल आउने पर्यटक घट्ने

■ **दामोदर खनाल**



**रूपन्देही–** विश्वका विभिन्न मुलकबीच भएको द्वन्द्वका कारण भारत हुँदै सुनौली वेलहिया नाकाबाट नेपाल आउने तेस्रो मुलुकका पर्यटकको संख्या घट्ने अनुमान गरिएको छ ।

तेस्रो मुलुकबाट भारतको सुनौली नाका हुँदै गौतम बुद्धको जन्मस्थल लुम्बिनीलगायत नेपालको विभिन्न पर्यटकीय गन्तव्य घुम्न आउने पर्यटकको संख्या ठुलो छ । अध्यागमन कार्यालय बेलहिया भैरहवाको तथ्यांकअनुसार यो नाकाबाट सन् २०२४ मा ९२ हजार ६४४, सन् २०२५ मा १ लाख ३९ हजार ५५ रहेका छन् । यो बर्ष सन् २०२६ अप्रिल सम्म करिव ५८ हजार पर्यटक नेपाल प्रवेश गरेका छन् ।

केही बर्षको तथ्यांक अनुसार यो नाकाबाट सवैभन्दा बढी श्रीलंका, थाइल्यान्ड, म्यानमार, भियतनाम, चीनलगायत मुलुकबाट बढी मात्रामा पर्यटक आउने गरेको पाईन्छ ।

सन् २०२४ मा श्रीलंकाबाट २६ हजार ५७७, थाईल्याण्डबाट २१ हजार ३९७, म्यानमारबाट ११ हजार ४२२ पर्यटक नेपाल भित्रिएका छन् । त्यस्तै सन् २०२५ मा क्रमशः ३४ हजार ३६६, १९ हजार १९५ र १९ हजार ९६२ र सन् २०२६ को मार्च सम्म श्रीलंकाबाट १८ हजार ३५, थाइल्याण्डबाट ८ हजार १४० र म्यानमारबाट १४ हजार ६८४ जना पर्यटक नेपाल भित्रिएका छन् ।

नेपाल घुम्न आउने पर्यटक भदौदेखि चैत्रसम्म बढी आउने गर्दछन् । पछिल्लो समय विभिन्न देशमा भएको राजनीतिक घटनाक्रमले गर्दा यो बर्ष यो बेलहिया नाकाबाट अपेक्षा गरिएभन्दा करिव २० देखि २५ हजार पर्यटक कम आउने अनुमान गरिएको बताउँछन् अध्यागमन कार्यालय बेलहिया, रूपन्देहीका प्रमुख बाबुराम पौडेल ।

कर्मचारी अभावले गर्दा पर्यटकको चाप बढी हुने समयमा कार्यालयमा रहेका ४ वटा काउण्टर सचालनमा समस्या हुने र सेवाग्राहिको भिसा प्रदान, म्याद थप लगायतका काममा ढिलासुस्ती हुन जाने कार्यालयका प्रमुख पौडेलको भनाई छ ।

पछिल्लो समय पर्यटकहरूले ईटिए विदेशी दुतावासवाट नै ल्याउने गरेका कारण राजस्व असुलीमा भनी कमी हुँदै गएको कार्यालयले जनाएको छ । आव २०८०/८१ मा १७ करोड ८३ लाख ४२ हजार राजस्व संकलन भएकोमा आव २०८१/०८२ मा १८ करोड २२ लाख ६० हजार राजस्व संकलन भएको छ । यो आवको चैत्र मसान्तसम्म करिव १६ करोड राजस्व संकलन भएको छ ।

# आइएमएफद्वारा कर्जा सुविधा दुई महिना थप

**काठमाडौं (प्रस)–** अन्तरराष्ट्रिय मुद्रा कोष (आइएमएफ) को कार्यकारी बोर्डले नेपालका लागि लागू गरिएको विस्तारित कर्जा सुविधा (इसिएफ) कार्यक्रमको अवधि थप दुई महिना लम्ब्याउने निर्णय गरेको छ ।

आइएमएफले बुधबार जारी गरेको विज्ञप्तिअनुसार उक्त कार्यक्रम अब सन् २०२६ जुलाई ११ सम्म कायम रहनेछ । आइएमएफका अनुसार इसिएफ कार्यक्रमअन्तर्गत सातौँ तथा अन्तिम समीक्षा पूरा गर्न पर्याप्त समय उपलब्ध गराउने उद्देश्यले कार्यक्रमको अवधि थप गरिएको हो ।

नेपालका लागि ३८ महिनाको इसिएफ कार्यक्रम सन् २०२२ जनवरी १२ मा स्वीकृत भएको थियो । उक्त कार्यक्रमअन्तर्गत नेपालले २८ करोड २४ लाख २० हजार अमेरिकी डलर अर्थात् 'स्पेसल ड्रइङ राइट' (एसडीआर) कोटाको १८० प्रतिशत बराबरको पहुँच प्राप्त गरेको थियो ।

आइएमएफका अनुसार इसिएफ कार्यक्रमअन्तर्गत सातौँ तथा अन्तिम समीक्षाका लागि पर्याप्त समय उपलब्ध गराउन दुई महिना थप गरिएको हो । नेपालले आइएमएफसँगको इसिएफ कार्यक्रममार्फत वित्तीय स्थायित्व कायम गर्ने, विदेशी मुद्रा सञ्चिति सुदृढ बनाउने, सार्वजनिक वित्त व्यवस्थापन सुधार गर्ने तथा आर्थिक सुधारका कार्यक्रम अघि बढाउने प्रतिबद्धता जनाएको छ ।

# लक्ष्मी सनराइज र आइएफसीबीच सम्झौता

■ **प्रभाव संवाददाता**




**काठमाडौं–** लक्ष्मी सनराइज बैंकले विश्व बैंक समूहअन्तर्गतको निजी क्षेत्रीय संस्था इन्टरनेशनल फाईनान्स कर्पोरेशन (आईएफसी) सँग 'बैंकिङ अन वुमेन' पहलअन्तर्गत ग्लोवल डब्लुएमएसएमई सेक्स डिस्एग्रीटेड डाटा (एसडिडी) सम्बन्धी सहकार्य सम्झौता गरेको हो । उक्त कार्यक्रमलाई महिला उद्यमशीलता प्रवर्द्धनका लागि स्थापित बहुपक्षीय अन्तर्राष्ट्रिय पहलले सहयोग गरिरहेको बैंकले जनाएको छ ।

बैंकका अनुसार पहलले विश्वभर महिला नेतृत्व तथा स्वामित्व भएका साना तथा मझौला उद्यममा लगानी तथा वित्तीय पहुँच विस्तार गर्ने उद्देश्यले स्थापना गरिएको बहुदातृ अन्तर्राष्ट्रिय प्लेटफर्म हो । यसअन्तर्गत सञ्चालन हुने वमन इन्टरप्रिनियर्स फाईनान्स कोडले वित्तीय संस्था, नियामक निकाय तथा वित्तीय प्रणालीसँग आबद्ध सरोकारवालाबीचको साझा प्रतिबद्धता रहेको जनाइएको छ । यसले महिला उद्यमीलाई आवश्यक वित्तीय स्रोत उपलब्ध गराई आर्थिक वृद्धि र रोजगारी सिर्जनामा योगदान पुऱ्याउने लक्ष्य राखेको छ ।

सम्झौतामा लक्ष्मी सनराइज बैंकका तर्फबाट कार्यवाहक प्रमुख कार्यकारी अधिकृत सुमेद भट्टराई तथा दक्षिण एसियाका क्षेत्रीय प्रबन्धक मेहदी चेरकाउईले हस्ताक्षर गरेका थिए । यस सहकार्यअन्तर्गत आईएफसीले बैंकलाई लैङ्गिक आधारमा विभाजित तथ्यांकको संकलन, विश्लेषण तथा उपयोग प्रक्रियालाई सुदृढ बनाउन सहयोग गर्नेछ ।

यसबाट महिलाको स्वामित्वमा रहेका साना तथा मझौला उद्यमका आवश्यकता, चुनौती तथा अवसरबारे थप बुझाइ विकास हुने विश्वास बैंकले लिएको छ । बैंकका अनुसार उक्त तथ्यांकका आधारमा महिला उद्यमीका लागि अझ प्रभावकारी तथा उपयुक्त वित्तीय समाधान विकास गर्न सहज हुने अपेक्षा गरिएको छ । साथै, यो सहकार्यले जिम्मेवार बैंकिङ अभ्यासप्रति बैंकको प्रतिबद्धतालाई थप मजबुत बनाउने विश्वास व्यक्त गरिएको छ ।

# दमकमा 'दोस्रो राष्ट्रिय पाककला' प्रतियोगिता हुँदै

■ **प्रभाव संवाददाता**




**काठमाडौं–** नेपाली खानाको मौलिकता, विविधता तथा सांस्कृतिक पहिचानलाई संरक्षण र अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्ने उद्देश्यसहित अन्तर्राष्ट्रिय नेपाली सेफ सोसाइटी र नेपाली सेफ सोसाइटीको संयुक्त आयोजनामा 'दोस्रो राष्ट्रिय पाककला प्रतियोगिता-२०२६' आयोजना हुने भएको छ ।

आगामी जेठ १ र २ गते झापाको पाथीभरा कलीनरी आर्ट कलेज, दमकमा सञ्चालन हुने उक्त कार्यक्रमबारे बिहीबार काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमार्फत जानकारी गराइएको हो ।

पत्रकार सम्मेलनमा बोल्दै इन्टरनेशनल नेपाली सेफ सोसाइटीका केन्द्रीय अध्यक्ष अरुण अधिकारीले प्रतियोगिताले नेपाली पाककलालाई व्यावसायिकता, नवप्रवर्तन तथा अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मक क्षमतासँग जोड्ने विश्वास व्यक्त गरे ।

उनले नेपालका सातै प्रदेशका मौलिक तथा रैथाने खानाको खोज, अनुसन्धान, संरक्षण तथा प्रवर्द्धनमा कार्यक्रम केन्द्रित रहने जानकारी दिए । 'विभिन्न भौगोलिक क्षेत्रका लोपोन्मुख तथा परम्परागत परिकारलाई एउटै मञ्चमा प्रस्तुत गर्दै नयाँ पुस्ताका शेफहरूलाई सिर्जनशीलता र नवप्रवर्तनतर्फ प्रेरित गर्ने हाम्रो उद्देश्य हो,' उनले भने ।

कार्यक्रमका महासचिव गिरिराज भट्टले नेपाली रैथाने तथा अर्गानिक खानालाई अन्तर्राष्ट्रिय स्तरसम्म पुऱ्याउने लक्ष्यसहित कार्यक्रम आयोजना गरिएको बताए । 'यो प्रतियोगिता केवल पाककला प्रतिस्पर्धा मात्र होइन, नेपाली संस्कृति, पर्यटन र रैथाने खाद्य परिकारलाई विश्वसामु चिनाउने अभियान पनि हो,' भट्टले भने ।

कार्यक्रमअन्तर्गत खुला पाककला प्रतियोगिता, विभिन्न खाद्य प्रतिस्पर्धा तथा आकर्षक फुड फेस्टिवल आयोजना गरिने छ । ५० भन्दा बढी स्टलहरू रहने महोत्सवमा स्थानीयदेखि अन्तर्राष्ट्रिय स्तरसम्मका विभिन्न परिकारहरूको स्वाद लिन सकिने आयोजकले जनाएको छ । प्रतियोगितामा १० भन्दा बढी देशका अनुभवी अन्तर्राष्ट्रिय शेफहरू निर्णायकका रूपमा सहभागी हुनेछन् ।

प्रतियोगितामा सहभागिताका लागि तीन सदस्यीय टोली अनिवार्य गरिएको आयोजकले जनाएको छ । सहभागी टोलीहरूले सोसाइटीको आधिकारिक खातामा दर्ता शुल्क जम्मा गरी आफ्नो सहभागिता सुनिश्चित गर्नुपर्नेछ ।

प्रतियोगिताको विजेतामध्ये प्रथमलाई १ लाख, दोस्रो हुनेलाई ७५ हजार र तेस्रो हुनेलाई ५० हजार नगद पुरस्कार प्रदान गरिने जनाइएको छ । यसका साथै सहभागी सम्पूर्ण प्रतियोगीहरूलाई मेडल तथा प्रमाणपत्र प्रदान गरिनेछ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ